जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २०३ • २०८१ साल पुस ४ गते बिहीबार (19 December, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### जसपा नेपालको अद्यावधिकमा झेल

# निर्वाचन आयोगले बोलायो प्रतिनिधि, आज छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी( जसपा) नेपालले महाधिवेशन गरेको ६ महिना बितिसक्दा पनि अद्यावधिक भएको छैन ।

महाधिवेशन सम्पन्न गरेको ३० दिन भित्र जसपा नेपालले सबै कागजात निर्वाचन आयोगमा बुझाइएको दाबी गर्दै आए पनि निर्वाचन आयोगले अद्यावधिक गर्ने नगर्ने सम्बन्धमा कुनै प्रतिक्रिया सार्वजनिक गरेको छैन ।

दल अद्यावधिक नभएपछि जसपा नेपालका नेताहरुले चासो राख्दै निर्वाचन आयोगमा दल अद्यावधिक किन नभएको भने प्रश्न राख्दा आयोगले अध्ययनको क्रममा रहेको जवाफ दिएको एकजना नेताले जनाए ।

जसपा नेपालले महाधिवेशन गरेको प्रक्रिया विधान सम्मत नभएको उजुरी लुम्बिनी प्रदेश जसपा नेपालका अध्यक्ष अशोक यादवले निर्वाचन आयोगमा दर्ता गराएका छन् । निर्वाचन आयोगले त्यसलाई पनि आधार बनाएको छ ।

विधानमा महाधिवेशनबाट नै सबै पदाधिकारी निर्वाचित हुने प्रावधान छ । तर अध्यक्षमा उपेन्द्र यादव निर्विरोध बाहेक अन्य कुनै पदाधिकारी र सदस्यहरुको चुनाव गरिएन । अध्यक्ष यादवले आफै पदाधिकारी र सदस्यहरुको मनोनयन गरेको उजुरीमा आरोप लगाइएको छ ।

अशोक यादवले दर्ता गराएको उजुरीमा उम्मेदवारी दर्ता गरेको पदको भन्दा फरक पदमा अध्यक्ष यादवले मनोनयन गरेको उल्लेख छ । निर्वाचन आयोगले अद्यावधिक नगरे पनि जसपा नेपालले पार्टीको कार्यक्रमलाई अगाडि बढाएको छ । अध्यक्षले मनोनयन गरेकै पदाधिकारीहरुबाट पार्टीको कामकाज भइरहेको छ ।



निर्वाचन आयोगले यस सम्बन्धमा जसपा नेपाललाई कुनै औपचारिक जानकारी नदिए पनि पार्टी अद्यावधिक सम्बन्धमा हामी नै निर्वाचन आयोगमा गएर सोधखोज गरेको प्रवक्ता मनिष सुमनले बताए । निर्वाचन आयोगले बिहीबार छलफलका लागि जसपालाई पत्राचार गरेको उनले बताए । निर्वाचन आयोगमा जसपाको प्रतिनिधि जाने प्रवक्ता सुमनले बताए ।

जसपा नेपालमा पदाधिकारी मनोनयनको विषयमा चरम असन्तुष्टि छ । महासचिव बनाइएको रामकुमार शर्मा विधान सम्मत नरहेको पार्टीमा व्यापक आवाज उठेको थियो । अध्यक्ष यादवले पदाधिकारी र कार्यकारिणी समितिमा सदस्यहरु मनोनयन गरेपछि कयौँ नेताले पार्टी छाडेका छन् ।

महाधिवेशनको मुखमा नै पार्टी विभाजन गरी अशोक राईको नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टी(जसपा)लाई निर्वाचन आयोगले दर्ता गरिसकेको छ । गत वैशाख ३१ गते सर्वोच्च अदालतले जसपालाई कामकाज नगर्न गरेको आदेश विपरीत निर्वाचन आयोगले पछिल्लो पटक पालिकाको सम्पन्न उपचुनावमा दल दर्ता गरी चुनाव चिन्ह दिएको थियो । निर्वाचन आयोगको भूमिका निष्पक्ष नदेखिएको प्रवक्ता सुमनले बताए ।

स्रोतका अनुसार पार्टीको महाधिवेशनले पारित गरेको विधानलाई कार्यान्वयन नगरेको कारण अद्यावधिकमा समस्या भएको हो ।

जसपाको महाधिवेशनमा निर्वाचन सम्बन्धी कार्यक्रमहरु सार्वजनिक भएको थियो । नेताहरुले विभिन्न पदमा उम्मेदवारी दिएका थिए । चुनावी प्रक्रियामा जाँदा अध्यक्ष यादवले मनोनयन गरेका कयौँ पदाधिकारीहरु भारी मतले पराजित हुने निश्चित थियो । त्यसकारण अध्यक्ष यादवले उम्मेदवारहरु सहितको भेलाबाट पदाधिकारी, केन्द्रीय समिति गठन गर्ने सम्पूर्ण अधिकार आफैले लिएको निर्णय गराएको बताइन्छ ।

तर निर्वाचन आयोगले त्यसलाई विधान सम्मत मान्दैन । विधानमा भएको व्यवस्था अनुसार नै पार्टीको केन्द्रीय समिति र पदाधिकारीहरुको चयन नभएकाले अवैध ठहर हुने स्रोतको दाबी छ ।

निर्वाचन आयोगले केन्द्रीय समिति र पदाधिकारीको मनोनयनलाई नै मान्यता दिइ नसकेको अवस्थामा मंसिरको अन्तिम हप्ता भएको कार्यकारिणी समितिको बैठकले पालिका, वडा, जिल्ला र प्रदेशको अधिवेशन चैत मसान्त भित्र अनिवार्य रुपमा गर्ने निर्देशन जारी गरेको छ ।

पार्टी विभाजनलाई निर्वाचन आयोगले दिएको वैधताविरुद्ध जसपा नेपालका अध्यक्ष यादवले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका छन् । सो मुद्दा अदालतमा विचाराधीन छ ।

जसपा नेपाल अहिले संघीय सरकारलाई समर्थन गरे पनि सरकारमा छैन । मधेश प्रदेश सरकारबाट पनि बाहिर छ । निर्वाचन आयोगले केन्द्रीय समितिलाई अवैध घोषणा गरिदिए जसपा नेपाललाई ठूलो क्षति हुने नेताहरुले बताउन थालेका छन् । पार्टी भित्रको असन्तुष्टि छताछुल्ल हुने उनीहरुको चिन्ता छ ।

हार्दिक बधाई
नेपाल पत्रकार महासंघको निर्वाचनमा निर्वाचित सम्पूर्ण सहकर्मी मित्रहरूलाई हार्दिक बधाई सहित सफल कार्यकालको मंगलमय शुभकामना व्यक्त गर्दछु ।



के.सी. लामिछाने (केन्द्रीय लेखा समिति संयोजक)
श्याम बन्जारा (मधेश प्रदेश अध्यक्ष)
ओमप्रकाश खनाल (पर्सा जिल्ला अध्यक्ष)
भूषण यादव (पर्सा जिल्ला उपाध्यक्ष)
विजय चौहान (पर्सा जिल्ला सचिव)
एस.के. चौरसिया (पर्सा जिल्ला सहसचिव)
अजय कुमार चौरसिया (पर्सा जिल्ला सहसचिव)
संजिव मिश्रा (पर्सा जिल्ला कोषाध्यक्ष)

विजय कुशवाहा
(केन्द्रीय परिषद सदस्य)
नेपाल पत्रकार महासंघ




10 % on Rooms 5 % on Food 5 % on Beverages

विशेषताहरु
- लक्जीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुधामको मणीय दृश्य देखिने रुफटप रेष्टुेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

ANJANI SUITE
हनुमान मार्ग, कपालमोचनी सर,
जनकपुरधाम-८, धनुषा
सम्पर्क : ९८५४०३०५०२, ९७०५६३०५०२
०४१-५३०५०२
email : anjanisuite@gmail.com
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरू




स्वास्थ्य निर्देशनालय
मधेश प्रदेश, जनकरपुधाम

# सुक्खाबन्दरगाह भन्सारमा राजस्व संकलनमा कमी





**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा १९ अर्ब ७८ करोड ११ लाख २७ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालयले पाँच महिनाको अवधिमा कुल वार्षिक लक्ष्यको ३२ दशमलव ९४ प्रतिशत राजस्व संकलन गरेको छ।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालले जनाए अनुसार चालु आवको पाँच महिनामा राजस्व सङ्कलनमा कमी आएको छ। कार्यालयका अनुसार विदेशी वस्तु तथा सामानको आयात घटेसँगै राजस्व सङ्कलन पनि प्रभावित भएको छ।

चालु आवको साउनमा तीन अर्ब ७५ करोड रुपैयाँ, भदौँमा चार अर्ब ६४ करोड रुपैयाँ, असोजमा चार अर्ब ३६ करोड रुपैयाँ र कार्तिकमा तीन अर्ब ७९ करोड रुपैयाँ राजस्व संकलन भएको कार्यालय जनाएको छ। त्यस्तै मंसिरमा भने अन्य महिनाको तुलनामा सबैभन्दा कम अर्थात् तीन अर्ब २२ करोड ८४ लाख २९ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ। कार्यालयले गत आवको पाँच महिनामा २१ अर्ब चार करोड १६ लाख ७३ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो।

# राजनीतिक स्थायित्व र सुशासन कायम गर्न नयाँ सरकार गठन भएको होः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक अन्योल, अस्थिरता र भ्रष्टाचारले सीमा नाघेपछि दुई ठूला दलको सहकार्यमा नयाँ सरकार बनाउनुपरेको बताउनुभएको छ।

नेपाल उत्पीडित जातीय मुक्ति समाजको ३७ औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्रीले राजनीतिक स्थायित्व र सुशासन कायम गर्न नयाँ सरकार गठन भएको हो भन्नुभयो।

"हामी सुशासन र विकास फेरि फर्काएर मुलुकलाई गन्तव्यमा लानेछौँ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, " नेकपा एमाले र नेपाली कांग्रेस समाज सुधारको एउटै लक्ष्य बनाएर अघि बढेका छन्। राजाका पालामा अनेक मुद्दा मामिला लगाएर जनतालाई फसाउने, जातीय विद्वेष फैलाउने काम भएका थिए। हामी मानिस हौँ र मानिस भनेको सबै बराबर हुन्छ। जातीय विभेद अन्त्यका लागि हामी विद्यमान कानुनमा संशोधनका निम्ति पनि लाग्नेछौँ।"

प्रधानमन्त्री ओलीले जातीय छुवाछूत र साम्प्रदायिकतालाई निमिट्यान्न पार्न वर्तमान सरकार तत्पर प्रधानमन्त्रीले बताउनुभयो। असमानता, अन्याय, छूवाछूत र दुःख भोगेर कोही सुखी हुन सक्दैन भन्दै उहाँले सुखी हुन असमानता र छुवाछूत हटाउनुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री ओलीले सामाजिक न्याय र समानता सुनिश्चित गर्न संविधानमा नै व्यवस्था गरिएको बताउनुभयो। "मान्छे एउटै हो। जन्मदै कोही पनि श्रेष्ठ हुँदैन।

जन्मदै श्रेष्ठ वा ठूलो जातको हो भनिनु मान्य हुँदैन। सरकारले त्यस्ता कुराहरुलाई मान्यता दिँदैन", उहाँले भन्नुभयो।

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले जातीय समानता सुनिश्चित गर्न संविधान र कानुनको पालनाका साथै सामाजिक सुधार पनि आवश्यक भएको बताउनुभयो। रासस

# विपद् प्रभावित क्षेत्रमा शीघ्र पुनर्निर्माण थालिने

काभ्रेपलाञ्चोक। खानेपानीमन्त्री प्रदीप यादवले सरकारले विपद् प्रभावित क्षेत्रमा शीघ्र पुनर्निर्माण थालिने बताउनुभएको छ।

'विपद् जोखिम, न्यूनीकरण र विपद् व्यवस्थापन सिकाइ तथा आगामी कार्ययोजना' विषयमा बुधबार धुलिखेलमा आयोजित कार्यशालामा उहाँले शर्मा ओलीले गम्भीररुपमा लिनुभएको उल्लेख गर्दै सरकारले आफूसँग भएको स्रोत-साधन परिचालन गरी पुनर्निर्माण गर्ने बताउनुभयो।

मन्त्री यादवले विशेष गरी खानेपानीको संरचनामा भएका क्षतिबारे आफूले स्थलगत निरीक्षण गरेको बताउँदै स्थानीय तहले जिम्मा लिई हाल




आगामी एक साताभित्र विपद् प्रभावित क्षेत्रमा पुनर्निर्माण थाल्ने गरी प्रक्रिया प्रारम्भ भएको बताउनुभयो।

"गत असोजको बाढीपहिरोबाट क्षतिग्रस्त संरचनाको विवरण स्थानीय तह र प्रदेश सरकारबाट प्राप्त हुनेबित्तिकै गृह मन्त्रालयले बनाएको पुनर्निर्माण कार्यविधि मन्त्रिपरिषद्मा पेस भई निर्णय भइसकेको छ, क्याबिनेटको विधायन समितिमा विचाराधीन उक्त कार्यविधि आगामी एक साताभित्रमा निर्णय भई पुनःक्याबिनेट बैठकले अनुमोदन गरेपछि पुनर्निर्माणको काम तीव्र गतिमा अघि बढ्छ", मन्त्री यादवले भन्नुभयो।

मन्त्री यादवले पुनर्निर्माणलाई प्रधानमन्त्री केपी पुनर्निर्माण गर्न नसक्ने अवस्थामा रहे खानेपानी मन्त्रालयले पुनर्निर्माण गर्ने बताउनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्यद्वय गोकुलप्रसाद बाँस्कोटा र सूर्यमान दोङ, बागमती प्रदेशसभा सदस्यत्रय कञ्चनचन्द्र वादे श्रेष्ठ, रत्न ढाकाल र लक्ष्मण लम्साल, जिल्ला समन्वय समिति प्रमुख दीपक गौतम, धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जू, रोशी गाउँपालिकाका प्रमुख दिनेश लामालगायतले जाडो याममा नागरिकले कष्टकर जीवन बिताउनुपरेकाले विपद् प्रभावित क्षेत्रमा पुनर्निर्माण कार्य तत्काल थाल्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो। रासस

# नारीवादी परराष्ट्र नीतिमा परराष्ट्रमन्त्रीको जोड



काठमाण्डु। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले समानता र सबै अल्पसंख्यक समूहको अधिकारको सुनिश्चितताका लागि नारीवादी परराष्ट्र नीतिमा जोड दिनुभएको छ।

जर्मनीको राजधानी बर्लिनमा मङ्गलबार आयोजित समानतासम्बन्धी सम्मेलनका क्रममा नारीवादी परराष्ट्र नीतिसम्बन्धी सत्रमा उहाँले नारीवादी नीतिको अनुशरण गर्न आवश्यक भएको बताउनुभयो। जहाँ पितृसत्ता बढी बहिष्करणमुखी र शक्तिकेन्द्रित हुन्छ त्यहाँ समानताको सिद्धान्तले काम गर्छ भन्दै परराष्ट्रमन्त्रीले समानताका अन्य नीतिहरूजस्तै नारीवादी परराष्ट्र नीतिले पनि मेलमिलाप, समभाव र समावेशिता अँगाल्ने धारणा व्यक्त गर्नुभयो।

मन्त्री डा राणाले भन्नुभयो, "नारीवादी परराष्ट्र नीतिले बहिष्करणमा आधारित पितृसत्तात्मक संरचनालाई चुनौती दिन्छ। यो नीतिले समावेशिता, सहानुभूति र समानताका सिद्धान्तलाई प्राथमिकतामा राख्दछ र समग्रमा मानव सुरक्षा भन्ने बृहत अवधारणालाई अघि सार्दै कूटनीतिमा सबैलाई समान रूपमा व्यवहार गर्दछ।" यो नीतिले आपसी समझदारी र समभावको मान्यतामा रहेर लैङ्गिक तथा यौनिक लगायत अन्य अल्पसंख्यकहरूको अधिकार र चासोहरूलाई पनि सुरक्षित गर्न सहयोग गर्ने उहाँको भनाइ थियो।

परराष्ट्रमन्त्री देउवाले भन्नुभयो, "हामीले यौनिक र लैङ्गिक अल्पसंख्यकहरूको संवेदनशीलताको सम्मान गर्दै नारीवादी परराष्ट्र नीतिलाई पुनर्जीवित गर्न आवश्यक छ। न्याय र समानतामा आधारित समाज निर्माणमा यो सहयोगी सिद्ध हुनेछ।" विभेद र अन्यायको अन्त्य गर्न सतही परिवर्तनले मात्र पर्याप्त नहुने भन्दै सामाजिक मूल्य र मान्यताहरूमा आधारित रूपान्तरण गर्नका लागि नीतिमा समानता आवश्यक रहेकोमा उहाँको जोड थियो।

मन्त्री डा राणाले लैङ्गिक एवं यौनिक लगायतका अल्पसंख्यकहरूको अधिकारका क्षेत्रमा भने नेपाल विश्वमै उदाहरणीय रहेको बताउनुभएको थियो। सो सम्मेलनको 'राष्ट्रिय कानून र नीतिहरूमा समावेशिता' विषयक अर्को सत्रमा उहाँले नेपालले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह (एलजीबीटीक्युआई) व्यक्तिहरूको समावेशीकरण र अधिकारका पक्षमा धेरै उपलब्धि हासिल गरेको जानकारी दिनुभयो। यी अधिकार सुनिश्चित गर्ने काम सहज नभए पनि नेपाल भने प्रगतिशील कानुन र यसको कार्यान्वयनबाट विश्वकै उदाहरण बन्न सफल भएको उहाँको भनाइ थियो। रासस

# शिक्षकको तलब नियमित मासिक : शिक्षामन्त्री भट्टराई



काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षकको मासिक तलब उपलब्ध गराउन स्थानीय तहलाई निर्देशन दिइसकेको बताउनुभएको छ।

बुधबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको 'विद्यालय शिक्षा विधेयक-२०८०'को छलफलमा उहाँले शिक्षकको नियमित रूपमा शिक्षकहरूलाई तलबको व्यवस्था गरिने बताउनुभयो। "३९ स्थानीय तहले शिक्षकको तलब नदिएको भन्ने मन्त्रालयमा गुनासो आएको थियो", उहाँले भन्नुभयो, "हामीले ती स्थानीय तहका प्रमुखलाई नियमित रूपमा तलबको व्यवस्था गर्न निर्देशन दिएका छौँ।"

साथै उहाँले विद्यालय शिक्षकको दरबन्दी पुनरावलोकन गरिने बताउनुभयो। बाल विकास शिक्षा कार्यक्रमलाई व्यवस्थित गर्न कार्यदल गठन भएको जानकारी दिनुभयो। त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन आयोगले बुझाएकोप्रतिवेदनअपूर्णभएकाले प्रधानमन्त्री केपी शर्मा ओलीले पुनः छानबिन गर्नुपर्नेमा जोड दिनुभएको बताउनुभयो।

"आयोगको म्याद हामीले दुईपटक थप गर्यौँ।

तर आयोगले बुझाएको प्रतिवेदनमा अझ धेरै काम गर्न बाँकी रहेको देखिएको छ", उहाँले भन्नुभयो,- "आयोगको प्रतिवेदनका आधारमा धेरै जग्गा खोज्नुपर्ने स्थिति छ।"

शिक्षा विधेयकमा दफावार छलफल

समितिमा विद्यालय शिक्षा विधेकय,२०८० मा दफावार छलफल पूरा भएको छ।

समिति सदस्य सुमना श्रेष्ठले शिक्षण पेसालाई आकर्षक बनाउनुपर्नेमा जोड दिँदै शिक्षकलाई नियमित रूपमा मासिक तलब दिनुपर्ने बताउनुभयो।

अर्की सदस्य ज्ञानु बस्नेत सुवेदीले निःशुल्क शिक्षालाई कार्यान्वयन गर्नुपर्छ भन्नुभयो।

दफावार छलफलमा समिति सदस्यहरू वीना जैसवाल, विनिताकुमारी सिंह र रामप्रकाश चौधरीले भाग लिनुभएको थियो। विधेयकमा समितिका सदस्यहरुले एक सय नौ वटा संशोधन प्रस्तुत गर्नुभएको थियो। रासस

# "महासंघको निर्वाचनले लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गरेको छ"

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले पत्रकार महासङ्घको निर्वाचनले लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गरेको बताउनुभएको छ।

नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिको बुधबार धनगढीमा आयोजित नवनिर्वाचित पदाधिकारी तथा सदस्यको पदस्थापन कार्यक्रममा उहाँले अन्योलताका बीचमा पत्रकार महासङ्घले केन्द्रदेखि जिल्लासम्म आफ्ना निर्वाचन पूरा गरेर पुनः एकचोटी लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गरेको बताउनुभयो।

"लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गर्ने सन्दर्भमा तपाईं हाम्रो यस्तै प्रयत्न, प्रयास र पद्धतिबाट हामीले सबै संरचनालाई अगाडि लैजाने प्रयत्न गर्नुपर्दछ", उहाँले भन्नुभयो, "जसरी विशेष गरी अहिलेको संरचना निर्माण




भएको छ र त्यसको प्रभाव स्वभाविक रुपमा सबै सङ्गठनमा पर्ने नै हो, तर त्यो पर्दै गर्दा नेपाली जनतालाई एउटा सन्देश दिएको छ, अब यो मुलुकमा राजनीतिक स्थिरता, विकास र समृद्धिका सवालमा यो निर्वाचनले पनि अहिले मुलुकमा भएको सत्ता गठबन्धनको जुन लक्ष्यप्रतिको जुन मार्ग छ, यसलाई जनताका बीचमा विश्वास दिलाउन वातावरण बनाउने एउटा सन्देश दिएको छ।"

फरक प्रसङ्गमा मुख्यमन्त्री शाहले अहिलेको वर्तमान सरकारका नेतृत्वबीचमा भएको समझदारी निरन्तर अगाडि बढेर जाने बताउनुभयो। उहाँले भन्नुभयो, "यसमा एकताका प्रक्रिया, सहमतिका प्रक्रिया, समझदारीका प्रक्रिया, लोकतान्त्रिक मूल्यमान्यता र पद्धतिलाई स्थापित गर्ने सन्दर्भमा पनि पत्रकारको अहिलेको निर्वाचनले मुलुकमा जनतालाई राम्रो सन्देश दिएको मैले विश्वास लिएको छु।" रासस


## आजको ज्योतिष मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु बिबेक

मेष: व्यापार र व्यवसायमा लाभ हुनेछ।

वृष: उद्योग र व्यापारमा विशेष लाभ हुनेछ।

मिथुन: साहस र पराक्रममा वृद्धि हुनेछ।

कर्कट: कार्यक्षेत्रमा अरूको जिम्मेवारी लिनुपर्ला।

सिंह: कार्यक्षेत्रमा मित्रको सहयोगले जटिल काम हुनेछ।

कन्या: नोकरी वा पेशामा नयाँ जिम्मेवारी प्राप्त हुनेछ।

तुला: धार्मिक कार्यक्रममा सहभागी हुने अवसर मिल्नेछ।

वृश्चिक: स्वरोजगारका लागि विदेशतिर अवसर मिल्न सक्छ।

धनु: आत्मविश्वास उच्च रहनेछ। कार्यक्षेत्रमा राम्रो लाभ हुनेछ।

मकर: कार्यक्षेत्रमा संघर्षपूर्ण समय हुनेछ।

कुम्भ: भाग्यले साथ दिनेछ। घर निर्माण कामबाट लाभ

मीन: नयाँ सामान किन्न धन खर्च हुने सम्भावना छ।

गुरुसङ जन्मकुण्डली हस्तरेखा परामर्सको लागी ९८१२००५३७८

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रही (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (ेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपु सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेय सेन्ट ामानन्द चोक | ५२५३४१ |
| क्तसंचा (ेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विन्द्र डेन्टल हेल्थ केय | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| ेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एय पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नग सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रही चौकी | ५२०७५० |
| सशस्त्र प्रही मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एय | ५२५०२२ |
| यति एयलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल ामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्व अस्पताल | ०४४-५२००७० |
| प्रही (जलेश्व) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्व) | ०४४-५२०१०० |
| विद्युत (जलेश्व) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आती | : ८:०० बजे |
| भोगाज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दि बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| ात्री आती पूजा हुने समय | : ९:३० बजे |
| ात्री मन्दि बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आती साँझ | : ०७:०० बजे |
| ात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘वैदेशिक रोजगारीबाट प्राप्त सीप मुलुकको विकासमा लगाउनुपर्नेमा जोड’

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले वैदेशिक रोजगारीका क्रममा आर्जन गरिएक सीप र पुँजीलाई मुलुकको विकासमा लगाउनुपर्नेमा जोड दिनुभएको छ ।

त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग र आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम)ले अन्तर्राष्ट्रिय आप्रवासन दिवसका अवसरमा आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले विदेशमा गरेका काम, सिकेका सीप र पुँजीलाई स्वारोजगारमूलक क्षेत्रमा लगानी गरी मुलुकको आर्थिक विकास गर्नुपर्ने बताउनुभयो ।




“नेपालबाट रोजगारीका लागि विदेश जाने युवाहरू धेरै छन्, उनीहरूले निश्चित समयसम्म मात्र त्यहाँ काम गर्न पाउँछन्, त्यहाँ कमाएको सीप र पुँजीलाई नेपालमा ल्याएर प्रयोगमा ल्याउनसके मुलुकको आर्थिक विकासमा सहयोग पुग्नेछ”, मन्त्री भण्डारीले भन्नुभयो । चर्को ब्याजदर लिएर विदेश जाने श्रमिकलाई लक्षित गरी सरकारले बिनाधितो ऋणको व्यवस्था मिलाउन लागेको उहाँले बताउनुभयो । विदेश जानुभन्दा पहिले लिनुपर्ने चर्को ब्याजदर र विदेश गएपछि अकालमा मृत्युवरण गर्नुपरेको घटनाप्रति सरकार गम्भीर रहेको भन्दै श्रममन्त्री भण्डारीले सीप विकास गरी आधिकारिक निकायबाट मात्र वैदेशिक रोजगारीमा जान युवालाई आग्रह गर्नुभयो ।

श्रम स्वीकृतिबिना अवैध रूपमा विदेश गएर समस्यामा परेका नेपालीको उक्त समस्या दीर्घकालीन समाधान गर्न सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

श्रममन्त्री भण्डारीले हरेक स्थानीय तहसँग समन्वय गरेर त्यहाँभित्रका बेरोजगारीको अवस्था, स्थानीयस्तरमा रोजगारीका अवसर सृजना गर्न रोजगारीका लागि युवा कुन देशमा गएका छन्, के सीप सिकेका छन्लगायत जानकारी लिन सुरु गरिसकेको बताउनुभयो ।

आन्तरिक रोजगार प्रवर्द्धनका गर्न मन्त्रालयमा आन्तरिक रोजगार महाशाखा स्थापना गरी विभिन्न तालिम तथा रोजगारको अवसर खोजी भइरहेको उहाँले उल्लेख गर्नुभयो । उहाँले वैदेशिक रोजगारीका क्रममा गएका श्रमिक मृत्यु भएमा दिइँदै आएको रकम रु सात लाखलाई बढाएर रु दश लाख बनाइएको जानकारी दिनुभयो ।

मन्त्री भण्डारीले मलेसियासँग पाँच वर्षका लागि श्रम सम्झौता गर्न सरकार लागिपरेको उल्लेख गर्नुभयो ।

“हामीले मुलुक खाली भयो, सम्पूर्ण युवा पलायन भए भनिरहेका छौँ, वैदेशिक रोजगारीमा गएका ७० लाखमध्ये ८० प्रतिशत श्रमिक खाडी मुलुक गएका छन्, उनीहरू सधैँका लागि गएका होइनन्, अवसरका लागि गएका हुन्”, उहाँले भन्नुभयो । वैदेशिक रोजगारलाई सुरक्षित बनाउन जरुरी रहेकामा उहाँले जोड दिनुभयो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले राष्ट्रिय आप्रवासन नीतिबारे विज्ञ समिति बनाएर मन्त्रालयले अध्ययन गरिरहेको बताउनुभयो । उहाँले वैदेशिक रोजगारमा गएका कोही पनि नेपाली श्रमिक कुनै पनि समस्यामा पर्नुहुँदैन भन्नेबारे सरकार गम्भीर रहेको उल्लेख गर्नुभयो ।


काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार प्राडा अच्युत वाग्लेले स्वदेशमा रोजगारी सिर्जना गर्ने वातावरण बनाउन सरकार लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपालले वैदेशिक रोजगार र बसाइँसराइको बारेमा स्पष्ट नीति बनाउन आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम)का प्रमुख हेलेन फोर्स, त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका प्रमुख प्राडा योगेन्द्रबहादुर गुरुङलगायत वक्ताले रोजगारी र शिक्षाको अभावले विश्वव्यापी रूपमा बसाइँसराइको समस्या निम्त्याइरहेको भन्दै यसलाई नियन्त्रण गर्न सबै हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको थियो । रासस

# जुम्लाको बड्कीमा पक्की स्वास्थ्यचौकी भवन निर्माण

जुम्ला । जुम्लाको हिमा गाउँपालिका-१ स्थित बड्की गाउँमा स्वास्थ्यचौकीको पक्की भवन निर्माण गरिएको छ। स्वास्थ्य सेवा प्रभावकारी सञ्चालन गर्न गाउँपालिकाले बड्कीगाउँमा स्वास्थ्यचौकीको पक्की भवन निर्माण गरेको गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीले जानकारी दिनुभयो।



गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित कार्यक्रमअनुसार बड्की स्वास्थ्यचौकीमा रु ३८ लाख लगानीमा पक्की भवन निर्माण गरिएको हो। पुरानो साँघुरो भवनबाट बर्थिङसेन्टर, सामान्यजाँचदेखिअन्य सेवा दिइरहेको स्वास्थ्यचौकीलाई पूर्वाधार अभावले सेवा प्रवाहमा कठिनाइ भएको थियो।

गाउँपालिका अध्यक्ष शाहीले भन्नुभयो, “भौगोलिक रुपमा विकट र सदरमुकामभन्दा टाढा रहेका हिमाका थुप्रै बस्ती स्वास्थ्यचौकीबाटै विभिन्न स्वास्थ्य सेवा लिइरहेका छन् ।

“आर्थिकरुपमा विपन्न नागरिकका लागि स्वास्थ्यचौकी ठूलो अस्पताल हो ।

दैनिक धेरैले सेवा लिन्छन्, तर पूर्वाधार अभावले साँघुरो संचरनाबाट सेवा दिनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरेका छौं, पालिका भित्रका सबै,स्वास्थ्य संस्थालाई पूर्वाधार र उपकरणमा सम्पन्न बनाउने पालिकाको लक्ष्य रहेको छ”, उहाँले भन्नुभयो, “गत आवको विनियोजित रु ३८ लाख बजेटबाट बोलपत्र आह्वान भई भवन निर्माण भएको छ ।” रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०९/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

### तपसिल

| क.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : मनिष डेरी उद्योग**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुर<br>दर्ता नं. : ८११३/२५३/०७१/०७२, दर्ता मिति : २०७१/१०/१२<br>रजिष्टर्ड कार्यालय : जनकपुर<br>**प्रोप्राइटर : सरोज कुमार साह** |
| | **नाम : सरोज कुमार साह**<br>बाबुको नाम : परभु साह सुडी, बाजेको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४२६६८, जि.प्र.का. धनुषा, जारी मिति : २०६०/०१/२४<br>**शाखा कार्यालय : लोहारपट्टी** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : मन्जु देवी साह**<br>पतिको नाम : सरोज कुमार साह<br>ससुराको नाम: प्रभु साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७३०५२/२६८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/०७ |
| | **२. नाम : परभु साह सुडी**<br>बाबुको नाम : महाविर साह सुडी<br>बाजेको नाम : रौदी साह<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५७/०६/०९ |
| | **३. नाम : वहुरी देवी साह सुडी**<br>पतिको नाम : प्रभु साह सुडी, ससुराको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१४, जि.प्र.का. धनुषा, जारी मिति : २०४४/१०/२५ |
| | **धितोको विवरण** |
| | वहुरी देवी साह सुडीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. १०९१ को क्षेत्रफल ०-०-४-० व.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **ऋणीको विवरण** / **धितोको विवरण** |
| २. | **नाम : सरिता कर्ण**<br>बाबुको नाम : सुर्य देव लाल कर्ण<br>पतीको नाम : शम्भु कुमार कर्ण<br>ठेगाना : मटिहानी -७, महोत्तरी<br>हाल : जनकपुर -४, धनुषा<br>ना.प्र.प.नं. : ५३०९<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०४/२३<br>**शाखा कार्यालय : जनकपुर**<br><br>धितोको विवरण: कृपा शंकर लाल कर्णको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको लोहना - ३ क, धनुषा हाल जनकपुर -२५, धनुषा स्थित कित्ता नं. ८२३ को क्षेत्रफल ०-०-१३-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : शैलेन्द्र कुमार कर्ण**<br>बाबुको नाम : कृपा शंकर लाल कर्ण<br>बाजेको नाम : प्रभु लाल कर्ण<br>ठेगाना : मटिहानी -७, महोत्तरी<br>हाल : जनकपुर -४, धनुषा<br>ना.प्र.प.नं. : ६१५५३९७४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५४/०५/०१ |
| | **२. नाम : किरण कर्ण**<br>पतीको नाम : शैलेन्द्र कुमार कर्ण<br>ससुराको नाम : तिलक बहादुर लाल कर्ण<br>ठेगाना : मटिहानी -८, महोत्तरी<br>हाल : जनकपुर -४, धनुषा<br>ना.प्र.प.नं. : ९०५२२९३७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५५/०५/०३ |
| | **३. नाम : कृपा शंकर लाल कर्ण**<br>बाबुको नाम : प्रभु लाल कर्ण, बाजेको नाम : तिलक बहादुर लाल कर्ण<br>ठेगाना : मटिहानी -७, महोत्तरी, हाल : जनकपुर -४, धनुषा<br>ना.प्र.प.नं. : ६१५५०१६७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५५/०३/१५ |
| ३. | **नाम : सिकेन्द्र प्रसाद यादव**<br>बाबुको नाम : तेजीलाल राय यादव, बाजेको नाम : जनक राय यादव<br>ठेगाना : पिप्रा पोखरीया - ३, रौतहट, हाल : कटहरीया - ८, रौतहट<br>ना.प्र.प.नं. : १७१९, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/१३<br>**शाखा कार्यालय : चपुर** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : तेजीलाल राय यादव**<br>बाबुको नाम : जनक राय यादव<br>बाजेको नाम : कोदइ राय यादव<br>ठेगाना : पिप्रा पोखरीया - ४, रौतहट,<br>हाल : कटहरीया - ८, रौतहट<br>ना.प्र.प.नं. : ५१३३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/२५ |
| | **२. नाम : जितेन्द्र यादव**<br>बाबुको नाम : तेजीलाल राय यादव<br>बाजेको नाम : जनक राय यादव<br>ठेगाना : पिप्रा पोखरीया - ३, रौतहट,<br>हाल : कटहरीया - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७२-०२१०७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७२/०३/३० |
| | **३. नाम : शारदा देवी यादव**<br>पतिको नाम : सिकेन्द्र प्रसाद यादव, ससुराको नाम : तेजीलाल राय यादव<br>ठेगाना : पिप्रा पोखरीया - ३, रौतहट, हाल : कटहरीया - ८, रौतहट<br>ना.प्र.प.नं. : १७२०, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/१४ |
| | **धितोको विवरण** |
| | तेजीलाल राय यादवको नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता कायम रहेको चन्द्रपुर - ९, रौतहट स्थित कित्ता नं. १३६ को क्षेत्रफल ०-४-११ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **ऋणीको विवरण** |
| ४. | **नाम : दिपेश झा**<br>बाबुको नाम : दानबिर झा, बाजेको नाम : जगन्नाथ झा<br>ठेगाना : लोहना - १, धनुषा, हाल : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : १७५२६४२४३६, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०४/२८<br>**शाखा कार्यालय : जनकपुर** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : दान विर झा**<br>बाबुको नाम : जगन्नाथ झा<br>बाजेको नाम : नरसिंह झा<br>ठेगाना : लोहना - १, धनुषा<br>हाल : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : ५२६/०३३/०३४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३३/०४/१४ |
| | **२. नाम : दिलीप झा**<br>बाबुको नाम : दानबिर झा<br>बाजेको नाम : जगन्नाथ झा<br>ठेगाना : लोहना - १, धनुषा<br>हाल : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : ५२६४२४३७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६१/०४/२८ |
| | **३. नाम : रिमा कण**<br>पतिको नाम : दिपेश झा<br>ससुराको नाम : दान विर झाकी<br>ठेगाना : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-१५०८५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/१२/१९ |
| | **४. नाम : सरोस्वती देवी**<br>पतिको नाम : दान वीर झा<br>ससुराको नाम : जगन्नाथ झा<br>ठेगाना : लोहना - १, धनुषा<br>ना.प्र.प.नं. : ५२६५२४१६<br>जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०४६/१०/०४ |
| | **धितोको विवरण** |
| | दान विर झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको लोहना - १, धनुषा स्थित कित्ता नं. ४९८ को क्षेत्रफल ०-८-१७-० (बिगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८१ पौष १० गते बुधबार कार्यालय समय सम्म ।**

**बोलपत्र खोलिने मिति र समय : २०८१ पौष ११ गते बिहीबार ३:०० बजे । बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**


# पुस १३ देखि पोखरा सडक महोत्सव



काठमाण्डु । आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटनको राजधानी पोखरामा यही पुस १३ देखि १७ गतेसम्म २६ औं पोखरा सडक महोत्सव हुने भएको छ ।

रेष्टुराँ एण्ड बार एसोसिएसन (रेवान) पोखराले अंग्रेजी नयाँ वर्षको अवसरमा महोत्सव आयोजना गर्न लागेको हो । पोखरा सडक महोत्सवको सम्पूर्ण तयारी पूरा भएको रेवानले आज काठमाडौँमा पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । रेवानका केन्द्रीय अध्यक्ष सङ्घर्ष विष्टले सडक महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनका साथै विदेशी पर्यटकको बसाई लम्ब्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

महोत्सवले स्थानीय पर्यटनमा नेपाली उत्पादनलाई प्रोत्साहन र विश्व बजारमा पुऱ्याउन पनि मद्दत पुगेको उहाँको भनाइ छ । अध्यक्ष विष्टले विभिन्न नेपाली खाना, जातीय वेशभूषा र परम्परागत संस्कृतिको प्रदर्शनले समग्र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । ‘सडकमै खाऔँ, सडकमै रमाऔँ’ भन्ने नाराका साथ पोखराको लेकसाइड क्षेत्रको करिब तीन किलोमिटर क्षेत्रमा महोत्सव हुँदैछ । कला संस्कृति प्रवर्द्धन गर्न, स्थानीयस्तरमा उत्पादित सामग्रीलाई बजारीकरण र त्यसको प्रचारप्रसार तथा ब्राण्डिङ गराउने एउटै थलोका रुपमा पोखरा सडक महोत्सवलाई लिइन्छ । महोत्सवले पर्यटक आकर्षण गर्नुका साथै लोपोन्मुख सामग्रीको संरक्षण गर्न ‘प्लेटफर्म’ पनि दिँदै आएको ।

समग्रमा सडक महोत्सव स्थानीयस्तरमा आर्थिक गतिविधि चलायमान, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना गर्ने दरिलो माध्यम बनेको महोत्सवका संयोजक विकास भट्टराईले बताउनुभयो । “पोखरामा महोत्सव आयोजना गर्नुअघि अङ्ग्रेजी नयाँवर्ष मनाउन धेरै नेपाली नागरिक पनि विदेशी जाने चलन थियो, नेपालमा आकर्षक कार्यक्रम नहुँदा विदेशी पर्यटक पनि नेपाल छाडेर घर फर्कन्थे”, उहाँले भन्नुभयो, “तर, विगत २५ वर्षदेखिको निरन्तरताले अब नेपाली पर्यटनलाई मात्र नभएर विदेशीलाई पनि नयाँ वर्ष पोखरामा मनाउने वातावरण सिर्जना गराएको छ, महोत्सवकै कारण पोखरामा आन्तरिक र बाह्य पर्यटकको आगमन निकै बढेको छ ।”

> समग्रमा सडक महोत्सव स्थानीयस्तरमा आर्थिक गतिविधि चलायमान, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना गर्ने दरिलो माध्यम बनेको महोत्सवका संयोजक विकास भ राईले बताउनुभयो ।

महोत्सवको प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र पोखरा पर्यटन परिषद् रहेका छन् । विगत २५ वर्षदेखि निरन्तर रुपमा हुँदै आएको पोखरा सडक महोत्सव देशकै ठूलो महोत्सवका रुपमा रहँदै आएको छ । यो महोत्सवले पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको बसाई लम्ब्याउन सहयोगीसिद्ध भएको छ। गत वर्षमात्र पाँच लाख स्वदेशी तथा विदेशी पर्यटकले सडक महोत्सवको अवलोकन गरेको रेवान पोखराका निवर्तमान अध्यक्ष नरेश भट्टराईले जानकारी दिनुभयो । यस वर्ष झण्डै पाँच लाख पर्यटकले महोत्सव भ्रमण गर्ने उहाँको अनुमान छ। महोत्सवले पोखराको मात्र नभई समग्ररुपमा राष्ट्रिय अर्थतन्त्रमा नै महत्वपूर्ण योगदान पुग्ने रेबान पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो।

उहाँका अनुसार महोत्सवको अवसरमा सडक महोत्सवमा रहने रेष्टुराँको मूल्यसूचिमा २० प्रतिशतसम्म छुट दिइने छ । यस्तै होटलमा २० प्रतिशत र प्याराग्लाइडिङ सेवामा १० छुट पाइने छ । स्थानीय उत्पादनको प्रवर्द्धन, वातावरणमैत्री वस्तुहरुको प्रयोग, नेपाली हस्तकलाको प्रवर्द्धनका लागि निःशुल्क व्यापारिक कक्षको व्यस्था गरिएको छ ।रासस

# लागुऔषध ओसारपसारको अभियोगमा १६ जना पक्राउ

नेपालगञ्ज । प्रहरीले बाँकेमा गत मङ्सिरमा मात्रै लागुऔषध ओसारपसारविरुद्धको कारबाहीमा ठूलो परिमाणमा ब्राउनसुगर बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेले १६१ ग्राम ९५० मिलिग्राम ब्राउनसुगर, प्रतिबन्धित औषधि ८० ट्याब्लेट, नाइट्राजेपाम र ४३६ ट्याब्लेट ट्रामाडोलसहित १६ जना ओसारपसारकर्तालाई पक्राउ गरेको जानकारी दिएको छ।

जिल्लाभरबाट अवैध तस्करी बरामदतर्फ रु नौ लाख ३३ हजार ७६० बराबरको अवैध सामग्रीसमेत बरामद भएको र बरामद गरिएको सबै सामग्रीलाई नेपालगञ्ज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तुलबहादुर कार्कीले जानकारी दिनुभयो।


जिल्ला प्रहरी बाँकेबाट खटिएको टोलीले मङ्सिरमा ५४ जना फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ। उनीहरुलाई सात वर्ष दुई महिना २० दिन कैद र रु आठ लाख ६३ हजार ८०० जरिवाना असुल उपर गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले बाँकेमा दर्ता भएका जम्मा ८४ मुद्दामा ५२ व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएकामा पर्खाइमा रहेका ३८ मुद्दालाई फछर्यौट गरिएको जानकारी दिएको छ। ठाडो उजुरीतर्फका ४२८ मुद्दामा ४१६ फछर्यौट भएको र १२ वटा बाँकी निवेदन फछर्यौट प्रक्रियामा रहेका छन्। जिल्लाभरमा अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन गर्ने चार ट्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाएर रु ४६ हजार जरिवाना गराइएको छ।

जिल्ला प्रहरी कार्यालयमा महिला बालबालिकासँग सम्बन्धित छ मुद्दा दर्ता हुँदा छ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको छभने घरेलु हिंसासम्बन्धी दर्ता भएका ५० उजुरीमा ३६ उजुरी फछर्यौट गरिएको छ।

चौध उजुरी अनुसन्धानको प्रक्रियामा रहेको प्रहरीले जानकारी दिएको छ । हराएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकतर्फको १० निवेदनमा छ जनालाई फेला पारी अभिभावकको जिम्मा लगाइएको र बाँकी खोजतलासको क्रममा रहेका छन्।

ट्राफिक प्रहरीको कारबाहीतर्फ मङ्सिरमा मात्रै दुई हजार ८८६ सवारी साधनलाई कारबाही गर्दै रु २४ लाख ७१ हजार ५०० राजस्व सङ्कलन गरिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दलाल पुँजीपतिको राजनीतिमा पकड

नेपालको राजनीतिमा दलाल पुँजीपतिको बलियो पकड बनेको छ । राजनीतिमा दलाल पुँजीपतिको पकड बनेको अचानक होइन । सत्तामा रहने दलका नेताहरुको आर्थिक लाभको महत्वाकाँक्षा बढेसँगै दलाल पुँजीपतिको पकड कसिलो हुँदै गएको हो । यसमा कुनै एउटा दलका एउटा मात्र नेता दोषी होइन । खासगरि देशमा गणतन्त्र स्थापना भएपछिको चुनावी प्रणालीले पनि दलाल पुँजीपतिहरुलाई खेल्ने फराकिलो ठाउँ दिएको हो । निर्वाचनमा समानुपातिक प्रणालीको व्यवस्था राजनीतिको मुलप्रवाहबाट वञ्चित समुदायको पहुँच बढाउनका लागि गरिएको थियो । तर त्यो नेताहरुको कमाउ भाँडो बन्यो । मोटो रकम लिएर समानुपातिक प्रणालीबाट साँसद बनाउने, टिकट बिक्री गर्ने, भारी रकम लिएर मन्त्री बनाउने, राजनीतिक नियुक्तीमा पनि भारी रकमको बोलकबोल हुने, न्यायाधीश नियुक्तिमा समेत दलीय बाँडफाँटसँगै लेनदेन हुने प्रवृत्ति फस्टाएको हो । हरेक क्षेत्रमा आर्थिक चलखेल हुन थाल्नु दलाल पुँजीपतिको मात्र दोष होइन । छोटो मार्गबाट अकुत सम्पत्ति आर्जन गर्ने नेताहरुको अभिष्टले दलाल पुँजीपतिलाई प्रयाप्त ठाउँ दिएको छ । यसमा कुनै एउटा दल अथवा एक दुई जना नेतामात्र दोषी होइनन् । मौका मिल्नासाथ सबै दलका नेताहरुले त्यै काम गर्छन् । सत्तामा हुँदा सबै ठिक र सत्ता बाहिर हुँदा सबै बेठिक देख्ने चश्मा पनि नेताहरुले कहिलै उतार्ने छैनन् । ठूला दलका शीर्ष नेताहरुले समानुपातिक प्रणालीको सिट बेच्ने भन्दा साना दलका शीर्ष नेताहरुले सिट बेच्ने प्रतिशत बढी छ । शीर्ष नेताहरुप्रति साना दलमा विश्वासको चरम संकट देखिन्छ । निरन्तर संगठनका लागि काम गर्ने नेता, कार्यकर्ता टिकट वितरणको बेला ओझेलमा पर्छन् । दलाल पुँजीपतिले पैसाको बलमा टिकट पाउँछन् । समानुपातिक प्रणालीबाट पनि लाभान्वित दलाल पुँजीपति नै हुन्छन् । नेपाली काँग्रेस, नेकपा एमाले, माओवादीलगायतका दलका नेताहरुले दलाल पुँजीपतिलाई प्रश्रय दिने मात्र नभइ जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनमत, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), नेकपा एस, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)लगायतले पनि त्यही गरिरहेका छन् । अन्य कतिपय विषयमा नेताहरुको मत र चरित्र फरक भए पनि दलाल पुँजीपतिलाई काँखी च्याप्नेमा सबै समान देखिन्छन् । त्यसकारण एउटाले अर्काको आलोचना गर्नु भन्दा सबैले इमान्दारीपूर्वक कार्य गर्ने प्रतिबद्धता जनाउन आवश्यक छ । एउटा मात्र राजनीतिक दलका शीर्ष नेता इमान्दार भए देशवासीले त्यसलाई नै साथ दिने छन् । तर जुन जोगी आएपनि काने चिरेको अवस्था हो । राजनीतिक दलका नेताहरुले आफ्नो दलगत पहुँच र हैसियतको आधारमा सबै क्षेत्रमा हस्तक्षेपगरि लाभ लिइरहेका छन् ।यो प्रवृत्तिको अन्त्य स्वयम् ती नेताहरुले नचाहे सम्म हुँदैन ।

# निजामती कानुन 'भगवान'ले जानुन् !



प्रकाश भट्टराई

हामीकहाँ सार्वजनिक प्रशासन सञ्चालन गर्न गठन गरिएको स्थायी संरचनालाई निजामती सेवा भनिन्छ । यो योग्यता प्रणालीबाट छनोट गरिएका राष्ट्रसेवकको समष्टिगत स्वरूप हो । यसलाई स्थायी सरकारका रूपमा पनि परिभाषित गर्ने गरिन्छ ।

निजामती सेवा वा सरकारी सेवा राज्य सञ्चालनको एक आधारभूत तथा अभिन्न अङ्ग हो । सरकारले निर्माण गरेका कानुन, नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी प्रथमतः निजामती सेवाले लिने गर्छ । कानुनको परिपालना गर्नु-गराउनु, सरकारको प्रतिनिधिका रूपमा सरकारी सेवा-सुविधालाई नागरिकसमक्ष पुऱ्याउनु, नागरिकलाई राज्यको अनुभूति दिलाउनु र समग्रमा सरकार र नागरिकका बिच सेतुको काम निजामती सेवाले गरेको हुन्छ ।

यस प्रकारको सरकारी सेवाको उदय राज्यको उत्पत्तिसँगै र विशेष गरी इसापूर्व ३०० तिर प्राचीन चीनको हान वंशबाट सुरुवात भएको मानिन्छ ।

सन् १८५४ मा बेलायती संसदमा 'नर्थकोट-ट्रेभेलियन रिपोर्ट' बुझाएपछि आधुनिक सरकारी सेवाको सुरुवात भएको मानिन्छ । नेपालमा २००८ सालमा पब्लिक सर्भिस कमिसन गठन भएको थियो । २०१३ सालमा निजामती सेवा ऐनको तर्जुमापश्चात् कानुनी रूपमा निजामती सेवाको सञ्चालन भएको मान्न सकिन्छ ।

विभिन्न आरोह-अवरोह पार गर्दै नेपालको निजामती सेवा यहाँसम्म आइपुगेको छ । सार्वजनिक प्रशासनको सुधारका लागि हामीकहाँ विभिन्न समयमा आयोग, समिति तथा कार्यदल गठन भएका छन् । खासगरी २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अधिकारसम्पन्न प्रशासन सुधार आयोग गठन भएको थियो । सो आयोगको सुझाव समेतका आधारमा प्रशासन क्षेत्रको आमूल सुधार हुने गरी निजामती सेवा ऐन (२०४९) जारी गरिएको हो । हालसम्म त्यही कानुनले मुलुकको निजामती सेवा चल्दै आएको छ । सङ्घीय व्यवस्था आएको लामो समयसम्म सङ्घीय निजामती सेवा ऐन जारी हुन नसकेकाले हामीकहाँ निजामती सेवा तदर्थवादमा चल्न बाध्य छ ।प्रदेश निजामती सेवा र स्थानीय सेवाका लागि आवश्यक सिद्धान्त र मार्गदर्शन आवश्यक हुन्छ ।

बदलिँदो विश्व परिवेश एवं प्रशासनिक सङ्घीयताको कार्यान्वयनमा सघाउ पुऱ्याउने ढाँचाको कर्मचारीतन्त्र निर्माण गर्ने गरी सङ्घीय निजामती सेवा ऐन जारी गरेर मात्र स्वेच्छिक रूपमा कर्मचारी समायोजन गर्नुपर्ने थियो । हामीकहाँ जबर्जस्त रूपमा कर्मचारी समायोजन गर्दा नेपालको निजामती सेवा बिब्लैंटो बाटोमा गएको छ, अन्योलताको भूमरीमा परेको छ ।

कानुन तथा सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने स्याथी संयन्त्रका रूपमा रहेको कर्मचारीतन्त्र कानुनको अभावमा आफैं थला पर्ने अवस्थामा छ । निजामती प्रशासनमा बेथिति र विसङ्गति झाँगिएको छ ।

निजामती सेवा ऐन ( २०४९) तथा निजामती सेवा नियमावली (२०५०) मा भएको व्यवस्था विपरीत बाह्रैमास गरिने सरुवाले एक किसिमको आतङ्क सिर्जना गरेको छ । विशिष्ट श्रेणीदेखि श्रेणीविहीन कर्मचारीसम्म यसबाट प्रभावित भएका छन् । सचिव-सहसचिव लगायत नीतिगत तहमा काम गर्ने उच्च प्रशासकको समेत एक वर्षमा तीन-चारपटक सरुवा हुँदा प्रशासनिक नेतृत्व अस्थिर बन्दै गएको छ । कानुनका अभावमा नीतिगत स्थायित्व, पेसागत हित र सेवाको सुरक्षा अनिश्चित बन्दै गएको छ भने वृत्ति विकासको मार्ग अवरुद्ध छ ।

आदर्श जीवनयापनका लागि आवश्यक सेवा-सुविधा कल्पनाभन्दा बाहिरको विषय बन्न पुगेको छ । कर्मचारीहरूको मनोबल अत्यन्तै कमजोर बनेको छ ।

अर्कोतर्फ मन्त्रालय, विभाग, निकाय एवं सेवा प्रदायक कार्यालयको कार्यबोझ तथा कामको प्रकृतिका आधारमा दरबन्दी संरचनाको वैज्ञानिक पुनर्संरचना नहुँदा कतै कर्मचारी कामविहीन हुने त कतै पर्याप्त कर्मचारीको अभावमा सेवा प्रवाहमा प्रभावकारिता कायम गर्न कठिनाइ भएको छ । कतिपय कार्यालयमा भौतिक संरचना पुरानो हुनु, आधुनिक प्रविधि र साधनको न्यून प्रयोग गरिनु, परम्परागत एवं अपारदर्शी कार्यप्रणाली लागु हुनु, ढिलासुस्ती एवं उत्तरदायित्व पन्छाउने प्रवृत्ति देखिनु आदि कारण राज्य र कर्मचारीतन्त्रप्रति नागरिकको विश्वास बढ्न सकेको छैन ।

संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनको कार्यान्वयनमा समेत जटिलता देखिएको छ । स्थानीय तहमा कार्यरत कर्मचारीको निवृत्तिभरण लगायत समस्या बल्झिँदै गएका छन् । समायोजित कर्मचारीको कामकाज सरुवाको व्यवस्थापन गर्न नसक्दा बढुवामा जटिलता थपिएको छ । सँगै समायोजन भएका कर्मचारीको बढुवामा एकरूपता हुन सकेको छैन । नयाँ कानुन जारी नहुने र मौजुदा कानुनको समेत पूर्ण कार्यान्वयन नहुँदा 'निजामती कानुन भगवानले जानुन' भन्ने परिस्थिति सिर्जना भएको छ ।

आधुनिक विज्ञान र प्रविधिसँगै सार्वजनिक प्रशासनमा विकास भएका नयाँ आयाम अनुसार निजामती सेवाको पुनर्संरचना गर्न तीन दशक पुरानो कानुन पर्याप्त हुने अवस्था छैन । त्यसमाथि नेपाल परम्परागत एकीकृत राज्य व्यवस्थाबाट सङ्घीय शासन प्रणालीमा रूपान्तरण भएको परिप्रेक्ष्यमा संविधान निर्माण भएलगत्तै निजामतीसँग सम्बन्धित कानुन आवश्यक थियो तर त्यसतर्फ राजनीतिक नेतृत्वले ध्यान दिन सकेको छैन । प्रशासनिक नेतृत्व र कर्मचारीका ट्रेड युनियनहरूले समेत प्रभावकारी पहल गर्न सकेका छैनन् । आफैँलाई सञ्चालन, नियन्त्रण एवं व्यवस्थित गर्ने कानुन बनाइदेउ भनेर स्वयं कमर्चारीले सरकारसँग माग गर्नुपर्ने अनौठो परिस्थिति उत्पन्न भएको छ ।

हालसम्मको अवस्थालाई हेर्दा कर्मचारीतन्त्रमा सुधार गर्न सरकारले अग्रसरता लिन सकेको छैन । सिंगापुर, संयुक्त अरब इमिरेट्स लगायत देशहरूले दशकौं अगाडिबाट सार्वजनिक प्रशासनमा आमूल परिवर्तन गरेका छन् । तर नेपालमा ठोस प्रयास भएका छैनन् । प्रशासन सुधारका नाममा विभिन्न सरकारी निकाय कति राख्ने, कर्मचारीको दरबन्दी घटाउने वा बढाउने बाहेकका विषय प्राथमिकतामा पर्न सकेको देखिँदैन ।

हामीकहाँ सार्वजनिक प्रशासन प्रभावकारी हुन नसक्नुमा राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई र प्रशासनले राजनीतिलाई दोषारोपण गर्ने गरेको पाइन्छ । केही प्रशासनविद्, उच्च प्रशासक तथा राजनीतिक नेतृत्वले समेत ट्रेड युनियनका कारण कर्मचारीतन्त्र प्रभावकारी नभएको आरोप लगाउने गरेका छन् ।

ट्रेड युनियनका कारण निजामती प्रशासनमा राजनीति भएको आरोप आफैंमा हास्यास्पद तर्क हो, किनभने कर्मचारीतन्त्रमा वास्तविक राजनीति त मन्त्रीहरूले आफू अनुकूलको सचिव रोज्ने कार्यबाट सुरु हुन्छ । कर्मचारीको सरुवामा हस्तक्षेप गर्छन् भन्ने आरोप ट्रेड युनियनहरूलाई लाग्ने गरेको छ । पूर्वानुमान योग्य स्वचालित सरुवा प्रणाली लागु गरेर सरुवा व्यवस्थित बनाउने हो भने हस्तक्षेपको गुन्जायस नै हुँदैन ।

ट्रेड युनियनको चासो कर्मचारीमाथि अन्याय हुन नदिने, साझा हित कायम गर्ने तथा सारभूत रूपमा निजामती सेवाको श्रीवृद्धि गर्ने नै हो । यी कार्य सरकारको जिम्मेवारीभित्र पर्ने भएकाले सरकार र ट्रेड युनियनको उद्देश्यमा समेत समानता रहेको हुन्छ । ट्रेड युनियनलाई व्यवस्थापनको प्रतिद्वन्द्वीका रूपमा होइन, सहयात्रीका रूपमा लिन सक्नुपर्छ ।

राजनीतिक परिवर्तनमा राजनीतिक दलले र अप्ठेरो पर्दा उच्च प्रशासकले ट्रेड युनियनहरूको साथ खोजेको तथ्य जगजाहेर छ । आफ्ना सदस्यलाई मात्र होइन, मुख्य सचिव तथा सचिवलाई अन्याय हुँदा समेत ट्रेड युनियनले आवाज उठाउँदै आएका छन् । ट्रेड युनियनका कमी-कमजोरी पनि छन्, गल्ती कमजोरी सच्याउँदै ट्रेड युनियन तोकिएका काममा केन्द्रित हुनुपर्छ ।

> नेपाल निजामती कर्मचारी युनियन लगायत राष्ट्रिय स्तरका ट्रेड युनियनहरु, राजपत्र अनंकित कर्मचारी संरक्षण अभियान, स्थानीय तहमा कार्यरत कर्मचारी लगायत विभिन्न सेवा समूहका कर्मचारीले वर्षौंदेखि यथाशीघ्र निजामती सेवा ऐन जारी गर्नुपर्ने माग गरेका छन् । निजामती सेवा ऐनमा समावेश हुनपर्ने विषय, कर्मचारीका सेवा-सुविधा र निजामती सेवाको सुधारका सन्दर्भमा विभिन्न एजेन्डा राखी छलफल, आन्दोलन तथा विरोधका कार्यक्रम गर्दै आएका छन् ।

नेपाल निजामती कर्मचारी युनियन लगायत राष्ट्रिय स्तरका ट्रेड युनियनहरू, राजपत्र अनंकित कर्मचारी संरक्षण अभियान, स्थानीय तहमा कार्यरत कर्मचारी लगायत विभिन्न सेवा समूहका कर्मचारीले वर्षौंदेखि यथाशीघ्र निजामती सेवा ऐन जारी गर्नुपर्ने माग गरेका छन् । निजामती सेवा ऐनमा समावेश हुनपर्ने विषय, कर्मचारीका सेवा-सुविधा र निजामती सेवाको सुधारका सन्दर्भमा विभिन्न एजेन्डा राखी छलफल, आन्दोलन तथा विरोधका कार्यक्रम गर्दै आएका छन् । सरोकारवालाको सार्थक सहभागिताविना निर्माण हुने नीति तथा कानुनको कार्यान्वयन प्रभावकारी हुन सक्दैन । यस तथ्यलाई मनन गर्दै सरकारले सरोकारवाला पक्षले उठाएकामध्ये उपयुक्त मागलाई सम्बोधन गर्ने र बाँकी विषयका सन्दर्भमा 'कन्भिन्स' गरी उनीहरूलाई विश्वासमा लिन जरुरी छ ।

गंगा चौधरीको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता रहेको जब्दि - १ ग, सर्लाही स्थित कित्ता नं. १७३९ को क्षेत्रफल ०-०-१० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| २१. | **नाम : किरण देवी तत्मा**<br>पतिको नाम : विरेन्द्र दास तत्मा<br>ससुराको नाम : चुल्हाई दास तत्मा<br>ठेगाना : लक्ष्मीपुर को - १, सर्लाही<br>हाल : हरीपुर - ६, सर्लाही<br>ना.प्र.प.नं. : १९३०५८/१०३०<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/११/१६<br>**शाखा कार्यालय : लालबन्दी** | **नाम : विरेन्द्र दास तत्मा**<br>बाबुको नाम : चुल्हाई दास तत्मा<br>बाजेको नाम : नेवाशी दास<br>ठेगाना : लक्ष्मीपुर को - १, सर्लाही<br>हाल : हरीपुर - ६, सर्लाही<br>ना.प्र.प.नं. : ५४३२१९६२<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५८/०८/२६ |

**धितोको विवरण**

किरण देवी तत्माको नाममा मालपोत हरीवन, सर्लाहीमा दर्ता रहेको लक्ष्मीपुर को - १ ख, सर्लाही स्थित कित्ता नं. ८५२ को क्षेत्रफल ०-०-१२-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| २२. | **नाम : रेडियम कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १७०३३५/७३/०७४, दर्ता मिति : २०७४/०३/१४<br>रजिष्टर्ड कार्यालय : जनकपुर - ६, धनुषा<br>**संचालक/शेयरधनीहरु : रोशन मिश्र र दिपक कुमार साह**<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : भगवती मिस्ठान भंडार**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय<br>दर्ता नं. : ८७२०/११६/०७३/७४, दर्ता मिति : २०७५/१२/२२<br>रजिष्टर्ड कार्यालय : जनकपुर - ६, धनुषा<br>**प्रोप्राइटर : दिलिप साह हलुवाइ**<br>**शाखा कार्यालय : जनकपुर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | | | |
|---|---|---|---|
| **१. नाम : दिपक कुमार साह**<br>बाबुको नाम : प्रदिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/१५५१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/०४/२३ | **२. नाम : रोशन कुमार मिश्र**<br>बाबुको नाम : अरुण कुमार मिश्र<br>बाजेको नाम : सुर्य नारायण मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-१-०५९/१८२<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६७/१०/०७ | **३. नाम : प्रदिप साह हलुवाई**<br>बाबुको नाम : ध्रुव साह हलुवाई<br>बाजेको नाम : मिठु साह हलुवाई<br>ठेगाना : जनकपुर - ११, धनुषा<br>ना.प्र.प.नं. : ३९६९१०९२८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/१२ | **४. नाम : सुनिता देवी साह**<br>पतिको नाम : प्रदिप साह हलुवाई<br>ससुराको नाम: ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १३०४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६२/०९/१० |
| **५. नाम : राहुल कुमार साह**<br>बाबुको नाम : प्रदिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७३-१०१७१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७६/०७/०५ | **६. नाम : अरुण कुमार मिश्र**<br>बाबुको नाम : सुर्य नारायण मिश्र<br>बाजेको नाम : शिवधर मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>हाल : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : ८८१९२५०३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४१/१२/१३ | **७. नाम : निरज कुमार मिश्र**<br>बाबुको नाम : अरुण कुमार मिश्र<br>बाजेको नाम : सुर्य नारायण मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>हाल : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १८-१-७७-०४३६७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७७/०८/२९ | **८. नाम : इन्द्र देवी भुमिहारनी**<br>पतिको नाम : अरुण कुमार मिश्र<br>ससुराको नाम: सुर्य नारायण मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>हाल : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : ८८१९२८६९<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/११/०५ |
| **९. नाम : तुल्सी साह**<br>बाबुको नाम : दिलिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/१५६५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/०४/२७ | **१०. नाम : जितेन्द्र कुमार साह**<br>बाबुको नाम : दिलिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/५२६२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३८/०३/१५ | **११. नाम : चन्दन कुमार साह**<br>बाबुको नाम : दिलिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/२७५८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०३/०८ | **१२. नाम : प्रिती देवी**<br>पतिको नाम : तुल्सी साह<br>ससुराको नाम: दिलिप साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-०७१३६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/०६/२७ |
| **१३. नाम : श्रीमती मन्जु देवी**<br>पतिको नाम : दिलिप साह हलुवाई<br>ससुराको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १९८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४६/०२/१६ | **१४. नाम : दिलिप साह हलुवाइ**<br>बाबुको नाम : ध्रुव साह हलुवाइ<br>बाजेको नाम : मिठु साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : ३९६९८५१४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/१२ | **१५. नाम : रोशनी कुमारी साह**<br>बाबुको नाम : प्रदिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-०७१३४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/०६/२७ | **१६. नाम : मन्जु देवी**<br>पतिको नाम : दिलिप साह हलुवाई<br>ससुराको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १९८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४६/०२/१६ |

**धितोको विवरण**

१. दिपक कुमार साहको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको रतवाडा - १, महोत्तरी स्थित कित्ता नं. ९२८ को क्षेत्रफल ०-१-०१/४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. प्रदिप साह हलुवाईको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको जलेश्वर - ९, महोत्तरी हाल परिकौली फुलहटा - ४, महोत्तरी स्थित कित्ता नं. ११२९, १०२९ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-१६-१४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. प्रदिप साह हलुवाईको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको, जनकपुर - ६, धनुषा स्थित कित्ता नं. ४०० को क्षेत्रफल ०-०-०-३.५० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४. दिलिप साह हलुवाई/प्रदिप साह हलुवाईको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको, जनकपुर - ६, धनुषा स्थित कित्ता नं. ४१३ को क्षेत्रफल ०-०-३-२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
५. दिलिप साह हलुवाईको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको जलेश्वर - ९, महोत्तरी स्थित कित्ता नं. १२६६ को क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
६. धनि लुम्बिनी विकास बैंक लिमिटेड र ऋणी रेडियम कन्स्ट्रक्सन प्रा.लि. भई यातायात ब्यवस्था कार्यालय जनकपुर, धनुषामा दर्ता कायम सवारी साधन दर्ता नं. प्र २-०३-००१क-१०४६ कायम रहेको टिपर तथा सवारी दर्ता नं. प्रदेश २-०२-००१च-०६१७ कायम रहेको Scorpio।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८१ पौष २४ गते बुधबार कार्यालय समय सम्म ।**

**बोलपत्र खोलिने मिति र समय : २०८१ पौष २५ गते बिहीबार ३:०० बजे । बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले घटेको छ । आज पुँजीबजार परिसूचक पाँच दशमलव ६० अङ्कले घटेर दुई हजार छ सय २८ दशमलव २६ को बिन्दुमा कायम भएको नेप्सेले जनाएको छ।

बुधबारको कारोबारमा तीन सय १४ कम्पनीको ८१ लाख ४७ हजार तीन सय २० कित्ता शेयर ४९ हजार चार सय २१ पटक खरिदबिक्री भएको छ । पछिल्ला दिनहरूमा नेप्सेमा कारोबार रकम निरन्तर घटिरहेको छ। आज पनि कारोबार रकम रू चार अर्ब २७ करोड ८२ हजार मा खुम्चिएको छ।

वित्त समूह एक दशमलव शून्य सात, लघुवित्त समूह शून्य दशमलव शून्य नौ र व्यापार समूह शून्य दशमलव ५० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ३६, विकास बैंक शून्य दशमलव १६, होटल तथा पर्यटन शून्य दशमलव ४२, जलविद्युत् शून्य दशमलव ३६, लगानी शून्य दशमलव ३२ र जीवन बिमा समूह शून्य दशमलव ३३ प्रतिशतले घटेको छ।

उत्पादन तथा प्रशोधन शून्य दशमलव ३२, म्युचुअल फण्ड शून्य दशमलव २६, निर्जीवन बिमा शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ३७ अङ्कले घटेको छ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९० प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा बढी जानकी फाइनान्स कम्पनी लिमिटेडको रू १५ करोड ५९ लाख २३ हजार दुई सय ८६ बराबरको एक लाख ७१ हजार चार सय ८६ कित्ता शेयर किनबेच भएको छ। रासस

# पर्यटकीयस्थल हम्पालमा पदमार्ग निर्माण

पर्वत । जिल्लाको सबैभन्दा उच्च स्थानमा अवस्थित पर्यटकीयस्थल हम्पालमा पदमार्ग निर्माण सुरु भएको छ । उत्कृष्ट पदमार्गमा सूचीकृत अन्नपूर्ण चक्रीय पदमार्गको वैकल्पिक गन्तव्यका रूपमा विकास भएको हम्पालमा पदमार्ग निर्माण गर्न थालिएको हो ।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयको आर्थिक सहयोगमा यस वर्ष झण्डै दुई किलोमिटर लामो पदमार्ग निर्माण हुने पर्वत-भमरकोट-घोडेपानी पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष मनबहादुर खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार गत महिनादेखि सुरु भएको पदमार्ग निर्माण छ महिनाभित्रमा सम्पन्न हुने छ।

कास्कीको नयाँ पुलबाट पर्वतको मोदी गाउँपालिको ताङ्ले-भमरकोट-डाँडाकमेरे-माटे-जलजला-मोहोरेडाँडा-घोडेपानी जोड्ने पदमार्गअन्तर्गत माटेको लेकसम्म १६ किलोमिटर लामो पदमार्ग निर्माण भइसकेको छ । बाँकी रहेको क्षेत्रमध्ये यस वर्ष दुई किलोमिटर पदमार्ग निर्माण गरिने भएको हो । योसँगै थप एक किलोमिटर पदमार्ग निर्माण गर्न सकेमा जलजलासम्म सिधा पदमार्गले जोडिने खड्काले जानकारी दिनुभयो । पदमार्ग निर्माणका लागि चालु आर्थिक वर्षमा रु ३० लाख विनियोजन भएको छ।

नयाँपुलबाट पर्वतको मोदी र जलजला गाउँपालिका हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रसिद्ध पर्यटकीयस्थल घोडेपानी जोड्ने नयाँ पदमार्ग तयार भएपछि पछिल्लो समय पर्यटकको आकर्षण बढ्दै गएको छ । माटेको लेकबाट जलजलासम्म पदमार्ग नहुँदा पर्यटकहरु घाँसे भिर र झाडीको बाटो पार गर्दै कष्टपुर्ण यात्रा गर्न बाध्य भएका छन् । अहिले निर्माण हुन लागेको पदमार्गले माटेको लेकबाट हम्पालको वाइफाइडाँडासम्म जोडिने खड्काले बताउनुभयो।



तेह्र वर्षअघि पहिचान भएको नयाँपुल-मोहरिया-ताङले-भमरकोट-फलाटे-डाँडाकेटेरी-थामाको डिल-हम्पाल-जलजला-कोखेडाँडा-मोहरेडाँडा-फूलबारी-पुनहिल हुँदै घोडेपानी जोड्ने पदमार्ग सञ्चालनमा आए पनि हम्पाल क्षेत्रमा व्यवस्थित पदमार्ग निर्माण बल्ल सुरु भएको स्थानीय होटल व्यवसायी टीका पुनले जानकारी दिनुभयो। पदमार्ग निर्माण भएपछि राति वा दिउँसो जुनसुकै समयमा पनि पदयात्रा गर्न सहज हुने उहाँले बताउनुभयो। पदमार्ग निर्माणपछि विद्युतीकरण पनि आवश्यक पर्ने उहाँको भनाइ छ।

जलजला गाउँपालिका र मोदी गाउँपालिकाको सहयोगमा गत मङ्सिरमा जलजला र वाइफाइडाँडासम्म विद्युत् सुविधा विस्तार गरिसकिएको छ । अब पदमार्गमा रातिको समयमा हिँडडुल गर्न मिल्नेगरी विद्युतीकरण गर्नुपर्ने आवश्यकता रहेको पुनले बताउनुभयो । यो पदमार्गमा आश्रयस्थल र खानेबस्ने ठाउँको व्यवस्थापन भएपछि गत कात्तिकदेखि नियमित रूपमा सञ्चालनमा ल्याइएको हो पुनले भन्नुभयो, "कल्चर, नेचर र एडभेन्चर यो पदमार्गको आकर्षण हो ।" मनोरम हिमशृङ्खला, सुन्दर जङ्गल, हावापानी, सूर्योदय र सूर्यास्त दृश्यावलोकन गर्नुका साथै तनाव व्यवस्थापनका लागि यो पदमार्ग निकै आकर्षक मानिएको छ।

विसं २०६८ मा स्थापना भएको संस्थामार्फत तत्कालीन जिल्ला विकास समिति, सङ्घीयतापछि गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारको गरी हालसम्म रु एक करोड ६० लाख सहयोगमा नयाँ पुलबाट पर्वतको सबैभन्दा उच्च स्थानमा रहेको माटेसम्मको १६ किलोमिटर पदमार्ग निर्माण भएको हो।

ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण गरिएको हो । साथै पदमार्गमा १० वटा विश्रामस्थल निर्माण भएको छ। यो पदमार्गले मोदी गाउँपालिकाको १, २, ३ र ५ नम्बर, जलजला गाउँपालिकाको ५ र ६ तथा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको ६, ७ र ८ नम्बर वडालाई समेटेको छ।

हिमाल, पहाडी भूगोल अवलोकन गर्दै यात्रा गर्न सकिने यो पदमार्गमा पर्ने लौसीबोट, भुक र ताङ्ले तथा लेसपार्कमा घरबास (होमस्टे) सञ्चालन भएको छभने मगर, गुरुङ, दलित, क्षेत्री र ब्राह्मण समुदायको विविधतायुक्त संस्कार, संस्कृति, रहनसहन र जनजीवन यो पदमार्गको आकर्षण हो।

दुई रात तीन दिनमा यात्रा गर्न सकिने यो पदमार्गमा पर्ने वनजङ्गलमा विभिन्न प्रजातिका जडीबुटी, वन पैदावर पाइनुका साथै मृगलगायत वन्यजन्तुको बसोबास छ। गाईभैँसीका घुम्ती गोठ पनि देख्न सकिन्छ भने धवलागिरि र अन्नपूर्ण रेञ्जका हिमाल अवलोकन गर्दै यात्रा गर्न पाइन्छ । पदमार्गमा पर्ने फलाटे, हम्पालस्थित वाइफाइडाँडा र जलजलामा चिया पसल र रेष्टुन्ट तथा सामुदायिक लज सञ्चालन भएका छन्।

पूर्वजानकारी दिई आउने पर्यटकलाई पर्वत-भुमरकोट-घोडेपानी पर्यटन क्षेत्र विकास समितिले घुमाउने व्यवस्था मिलाउँदै आएको छ।

प्रदेश सरकारले पर्वतको हम्पाल, घोडेपानी नजिकै कास्की र म्याग्दीको सिमानामा पर्ने मुण्डेलाई पोखराको स्याटेलाइट गन्तव्य घोषणा गरेको छ । सडकका कारण छोटिएको अन्नपूर्ण चक्रीय पदमार्गमा सहायक गन्तव्य पहिचान गरेर पर्यटकको बसाइ लम्ब्याउन सरकार तथा निजी क्षेत्रले सक्रियता देखाएका छन्। रासस

# आँधीखोला तर्न फट्केको भर

वालिङ । स्याङ्जाको भिरकोट-५ सिम्लेस्थित आँधीखोलामा फट्के मार्फत् आवतजावत गर्न थालेको झण्डै ४० वर्ष पूरा भएको छ । स्थानीय बासिन्दा, शिक्षक, विद्यार्थीले विशेष गरेर हिउँदका समयमा फट्के उपयोग गर्दछन्।

हिउँदका समयमा खोला वारपार गर्नका फट्केले सहज हुने गरेको जनप्रिय माध्यमिक विद्यालय भिरकोट-५ का शिक्षक कृष्णप्रसाद पौडेलले बताउनुभयो।

विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थी तथा सिम्लेबाट गैह्राथोक बजार जान फट्के बनाउनाले खोला तर्न सहज भएको उहाँले जानकारी दिनुभयो।

"जाडोको समयमा खोला तर्दा चिसो हुने, जुत्ता मोजा खोल्नुपर्ने, कहिलकाहीँ खोलाले बगाउनेसमेत गर्थ्यो", उहाँले भन्नुभयो, "खोलामा पस्नै नपरीकन वारपार गर्न फट्केले सहज भएको छ।" स्थानीयवासी, शिक्षक, विद्यार्थी सबै मिलेर बर्सेनि बनाउँदै आएको फट्केले यस वर्ष पनि निरन्तरता पाएको उहाँले बताउनुभयो।

बाँस काटेर सातदेखि नौवटा किला बनाउने र त्यसलाई भाटाले भकारीजस्तै गरी बुनिन्छ । बुनिएको भकारीलाई खोलामा लगेर ढुङ्गा भरिन्छ र त्यसलाई पिल्लरको रूपमा प्रयोग गरी बाँस तेर्स्याइन्छ । तेर्स्याइएको बाँसमाथि बालुवा भरिएको बोरा राखेर फट्के तयार गरिन्छ।

खोलाको फैलावटका आधारमा भकारी बनाइने उहाँले बताउनुभयो । "खोला कति फराकिलो भएर बहेको छ, त्यसैका आधारमा भकारीको सङ्ख्या घटीबढी हुने गर्छ", उहाँले भन्नुभयो, "कहिले सात-आठवटा भकारी बुने पुग्छ, कहिले २०-२२ पनि बुन्नुपर्छ।"

पहिला-पहिला बाँस खोज्न टाढाटाढाका गाउँगाउँमा पुग्नुपर्थ्यो । केही वर्ष अघिदेखि विद्यालय आफैँले बाँस रोपण गरेकाले बाँस खोज्न टाढा जानुपर्ने झण्झट हराएको छ।

विद्यालयभन्दा केही तल आँधीखोलामा पक्की पुल निर्माण सुरु भएको पनि वर्षौं भयो। पुल समयमै सम्पन्न हुन नसक्दा पनि विद्यार्थी तथा स्थानीयले बाँसको फट्केबाट खोला वारपार गर्नुपर्ने बाध्यता रहिआएको छ। खोलाको किनारमै रहेको विद्यालयका शिक्षक, विद्यार्थीले कक्षा खाली भएका बेला स्थानीयसँगै जनश्रमदानमा सहभागी हुने गरेका छन्। फट्के बनाउन कम्तीमा तीन दिनदेखि बढीमा एक हप्तासम्म समय लाग्ने गरेको उहाँले बताउनुभयो।


पहिला वर्षा तथा हिउँदका समयमा माझी तथा बोटेहरूको सहायतामा डुङ्गाबाट वारपार गर्ने गरिएको स्थानीय चन्द्रध्वज खाणले बताउनुभयो । डुङ्गाबाट खोला वारपार गर्ने गरिएकोमा पछिल्लो समय माझी तथा बोटे समुदाय विस्थापित भएपछि विकल्पका रूपमा फट्के हाल्न थालिएको उहाँले बताउनुभयो।

पायक पर्ने यस ठाउँमा झोलुङ्गे पुलका लागि पटकपटक माग गरिए तापनि हालसम्म सुनुवाइ नभएको उहाँको गुनासो छ।रासस

# सामुदायिक वनको आम्दानी सामाजिक काममा

राँझा। बाँकेको राप्ती सोनारी गाउँपालिका-२ मदुईस्थित अशोक सामुदायिक वन उपभोक्ता समूहले सामाजिक विकासमा हातेमालो गर्दै आएको छ।

काठ दाउरा बिक्री गरेर भएको आम्दानीबाट समुदायको विकासका लागि विभिन्न पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै स्थानीय उपभोक्तालाई जीविकोपार्जन र स्वरोजगार बनाउन अग्रसर रहेको छ । गाउँमा ग्रामीण विद्युतीकरण, खानेपानी योजना, सिँचाइका लागि मोटर तथा पाइप, सामुदायिक विद्यालयमा फर्निचरलगायत कार्यमा सामुदायिक वनले सहयोग गर्दै आएको समूहका अध्यक्ष भगानु थारूले जानकारी दिनुभयो।



"हामीले समूहका सदस्य तथा उनका परिवारहरूलाई आवश्यक सहयोग गर्नुका साथै समुदायमा हुने हरेक पूर्वाधार विकासमा लगानी गर्दै आएका छौँ, समुदाय विकासका काममा हाम्रो साझेदारी रहँदै आएको छ", उहाँले भन्नुभयो, "उपभोक्ताका आयआर्जनमा टेवा पुर्याउनुका साथै आपत् परेका बेलामा सहयोग, बालबालिकालाई शिक्षामा सहयोग तथा स्वरोजगार बन्न मद्दत गर्दै आएका छौँ।"

उहाँका अनुसार, अशोक सामुदायिक वन उपभोक्ता समूहले कचनापुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानीको ट्याङ्की निर्माण गरिदिएको छ। त्यहाँबाट हरेका उपभोक्ताका घरसम्म पुग्ने पाइप लाइन बिछ्याउने, पानीको मिटर जडान गर्नेलगायत कार्यमा ५० प्रतिशत अनुदान लागत व्यहोरेको छ।

समूहले गाउँमा विद्युतीकरण गर्दा २० प्रतिशत लगानी गरेको छ।

त्यसैगरी सिँचाइका लागि मोटर तथा पाइप खरिदमा पनि कुल लागतको ५० प्रतिशत अनुदान रकम उपभोक्तालाई प्रदान गर्दै आएको छ । गाउँको तीन किलोमिटर सडकमा सडकबत्ती हाल्ने कामसमेत समूहले आफैँ गरेको छ। रासस

# चितवन निकुञ्जद्वारा नियमविपरीत काम गर्ने ६५ जनालाई कारबाही

नवलपुर। चितवन राष्ट्रिय निकुञ्जले गत कात्तिक १३ देखि हालसम्म विभिन्न कसुरमा ६५ जनालाई पक्राउ गरेको छ। निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षणलाई प्रभावकारी रूपमा अगाडि बढाउन अभियान सञ्चालन गरेको छ।

निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत अविनाश थापामगरका अनुसार निकुञ्जभित्र अवैध गतिविधि नियन्त्रण कार्यअन्तर्गत बाघसँग सम्बन्धित कसुरमा एक, अनुमतिबिना बँदेल पाल्ने दुई, बिनाअनुमति निकुञ्ज प्रवेश गरी घाँस दाउरा काट्ने ३०, माछा मार्ने २३ , परेवा मार्ने एक र बिनाअनुमति निकुञ्ज प्रवेश गरी निउरो टिप्ने आठ जनालाई निकुञ्जले पक्राउ गरेको हो।

निकुञ्जभित्र प्रवेश गर्ने तथा नियमविपरीत काम गर्ने व्यक्तिलाई पक्राउ गरी नियमानुसार कारबाही गरिएको उहाँले जानकारी दिनुभयो। यसबीचमा वन्यजन्तुको चोरी सिकार तथा अवैध व्यापार नियन्त्रणका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्य अभिवृद्धि गर्नका लागि सरोकारवालासँग छलफल गरिएको उहाँको भनाइ छ।

पछिल्लो डेढ महिनामा निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विभिन्न स्थानमा दुईवटा गैँडा तथा एउटा बाघ मृत भेटिएको सूचना अधिकारी मगरले जानकारी दिनुभयो। गत मङ्सिर ७ गते मझुवा मध्यवर्ती सामुदायिक वनको क्षेत्रभित्र नारायणी नदीको दोस्रो भङ्गालोमा अन्दाजी ३१ वर्षको पोथी गैँडा पानीमा डुबेर मृत्यु भएको अवस्था तथा १३ गते निकुञ्जको ध्रुव पोष्ट नजिक करिब ३५ वर्षको पोथी गैँडा कालगतिले मरेको अवस्थामा फेलापरेको उहाँले बताउनुभयो।रासस

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### दा.खा.अप्रमाणित जग्गा प्रमाणित सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साबिक गाविस मुडवलवा वार्ड न. ९ हाल राजदेवी न.पा. वडा न.७ मा बस्ने बाबुराम रायको नाती जियालाल रायको छोरा शंकर राय यादबले भुमि सुधार तथा मालपोत कार्यालय गौरको मिति २०८१।०८।१२ गतेको अनुसार जि.रौ.गाविस लक्ष्मीपुर बेलविछ्वा वडा न.४को कि.न.२२को क्षेत्रफल ०-०-१२ माग गरेको मोठ भिडान हुदा दर्तावालाको बाबुराम राय मरी नाती शंकर राय यादबको नाउँमा मोठ कायम रहि रोक्का नदेखिएको हुदा तथा राजदेवी न.पा. वडा न. ७ को च.न.४०० मिति २०८१।०८।१२ गतेमा भिडेको भनि मोठ फाटबाट लेखि आएकोले सो मोठ भिडेको अप्रमाणित जग्गा कायम हुनको लागि हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरीएको छ। उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नातामा पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा मोठ भिडान कट्टा हुन नपर्ने तथा जग्गा अप्रमाणित हुनु नपर्ने कुनै कारण भए स प्रमाणसहित आफु वा रित पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम मोठ भिडान तथा अप्रमाणित जग्गा प्रमाणित भई जाने छ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | लक्ष्मीपुर बेलविछ्वा | ४ | २२ | ०-०-१२ | बाबुराम राय मरी हकवाला शंकर राय यादब मुडवलवा |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय मिर्चैयाको २१ दिने सुचना

तपसिल बमोजिमका कर्जा ग्राहकहरुले तमसूकमा लेखिएको शर्त पालना नगरी सम्वन्धित कार्यालयबाट विभिन्न समयमा तर ताकेदा गर्दा पनि समयमा बुझाउनुपर्ने साँवा र व्याज नबुझाई शर्त उलँघन गरेकोले निज संग लिनुपर्ने २०८१ पौष ०२ गते सम्मको सम्पुर्ण लेना रकम असुल हुने गरी तपाईको धितो परियोजना बैंक तथा वित्तीय संस्था ऐन २०७३ तथा बैंकको कर्जा असुली कार्यविधि २०७७ परिछेद ३ को दफा ७ को (क) एंव अन्य प्रचलीत कार्य विधि अनुसार बैंकको नियमानुसार २१ दिने सुचना प्रकाशित गरीएको छ। अतः २१ दिन भित्र आफनो कर्जा बुझाउनु हुन अनुरोध छ।

| क्र. सं. | नाम | ग्राहक नम्वर | मिसिल नं. | ठेगाना | बुवा/पति | बाजे/ससुरा | उद्देश्य | साबा रकम | व्याज रकम २०८१/०९/०२ सम्मको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आशा कुमारी देवी | ६४२४६० | ७६१८ | मझोलिया ९ | श्रीनारायण चौधरी | जुगेश्वर | सरल कृषि | ३२०००० | १२४०२।५९ | ३३२४०२।५९ |
| २ | भरत माझी | ६४२३९६ | ७३०६ | बडहरामाल १ | गोपी माझि | धुन्न माझि | सरल कृषि | १०००००० | २४३१३।७८ | १०२४३१३।७८ |
| ३ | बिनोद कुमार यादब | ६४२६७६ | ७७७६ | बर्छवा ७ | राम एकवाल यादब | श्री हिरा यादब | सरल कृषि | ४००००० | १२२१०।७४ | ४१२२१०।७४ |
| ४ | बिरेन्द्र कुमार यादब | ६४२१८९ | ७४५३ | नरहा ४ | अश्वनि कुमार गुरमैता यादब | बैधनाथ गुरमैता | सरल कृषि | १६०००० | ५९४५।१२ | १६५९४५।१२ |
| ५ | चन्द्रकला कुमारी यादब | ३०६२१५७ | ८३८६ | कल्यानपुर न.पा. | राजलाल यादब/श्याम कुमार यादब | पलट यादब | सरल कृषि | ८००००० | ६११८६।४४ | ८६११८६।४४ |
| ६ | गनेशी बराही | ६४२०५७ | २५०४ | भेडिया ७ | चुल्हाइ बरही | छोराः विश्नाथ,शिवनाथ | सरल कृषि | ९९०००० | ३०२२१।५९ | १०२०२२१।५९ |
| ७ | हर्शित राय कुर्मी | ६४२३३७ | ६०४९ | मिर्चैया ८ | सुबर्ति राय कुर्मी | बुन्नी राय कुर्मी | ब्यक्तिगत | ५००००० | ३७९९।७२ | ५०३७९९।७२ |
| ८ | जुना कुमारी राइ | ६४२०८४ | ६०१६ | बडहरामाल ५ | राम बहादुर राइ/राम भगत राइ | रामदयाल राइ | सरल कृषि | ८०००० | ७९०३।८० | ८७९०३।८० |
| ९ | किर्तु यादब | ६४२२६१ | ४९३८ | नरहा ७ | चौधरी यादब | सुबरन यादब | सरल कृषि | १२५००० | ३८१५।८६ | १२८८१५।८६ |
| १० | कुसुम कुमारी चौधरी मण्डल | ३०५१७६५ | ८३०८ | मिर्चैया न.पा. | महेन्द्र चौधरी | लखन चौधरी | अग्रो प्रोडक्सन | ५००००० | ४९६२४।४५ | ५४९६२४।४५ |
| ११ | प्रमिला कुमारी | ६४३३८५ | ८३८१ | नरहा ५ | श्रीराम एकबाल यादब | हिरा यादब | सरल कृषि | ८००००० | ३१००६।६१ | ८३१००६।६१ |
| १२ | फुल कुमारी पासवान | ३०६११३१ | ८३५४ | कर्जन्हा न.पा. ९ | भुल्का पासमान | केसबर पासमान | सरल कृषि | ६००००० | ३७००९।९८ | ६३७००९।९८ |
| १३ | फुल कुमार साह | ६४२८१३ | ७८९२ | कर्जन्हा न.पा. ९ | कलर साहु हलुवाइ | सौदी साह | सरल कृषि | २५०००० | १६१९६।५२ | २६६१९६।५२ |
| १४ | प्रदिप बिश्वकर्मा | ३०५४०७५ | ८३२३ | कर्जन्हा न.पा. | जमुना बिश्वकर्मा | बुद्धिमान बिशवकर्मा | सरल कृषि | ६००००० | ४८२९९।९३ | ६४८२९९।९३ |
| १५ | राजु प्रसाद धुरजार यादब | ६४२५१८ | ७६५५ | राघोपुर ६ | प्रभु धुरझार | पुलकित धुरझार | सरल कृषि | ३७४००० | २१६७०।५३ | ३९५६७०।५३ |
| १६ | राम एकवाल महतो | ६४१८१४ | ५९२३ | कल्यानपुर न.पा.६ | बासुदेब | शुभलाल महतो | सरल कृषि | १५०००० | ४५७९।०३ | १५४५७९।०३ |
| १७ | राम भरोस यादब | ६४२१०३ | ७४२८ | नरहा १ | लक्ष्मी यादब | तेबी यादब | सरल कृषि | ९८०००० | ३०५७२।३२ | १०१०५७२।३२ |
| १८ | राम भुवनेश्वर ठाकुर | ६४२५६० | ७७०३ | मिर्चैया ५ | सियाराम ठाकुर | श्री नारायण | सरल कृषि | १५०००० | २१०४७।१२ | १७१०४७।१२ |
| १९ | राम कुमार सुडी | ५४०९३७७ | ८३४९ | मिर्चैया १२ | बैजनाथ साह सुडी | बिल्टु साह सुडी | सरल कृषि | १४००००० | ४२७३७।५९ | १४४२७३७।५९ |
| २० | राम प्रसाद यादब | ६४१८५६ | ७३४२ | फुलबरिया ५ | जक्ति यादब | बद्री यादब | सरल कृषि | ४४०००० | १५५९१।८२ | ४५५५९१।८२ |
| २१ | राम बाबु साह हलुवाई | ६४२२१६ | ७४८८ | फुलबरिया ७ | असर्फि साह हलुवाई | बताहु साह | घरायसी | ५००००० | १५२१५।०१ | ५१५२१५।०१ |
| २२ | राम बाबु साह हलुवाई | ६४१९०६ | ५३८५ | फुलबरिया ७ | सोनेलाल | माधुरी | सरल कृषि | ३००००० | १२००७।५६ | ३१२००७।५६ |
| २३ | राम भगत धुरझार | ६४२४२३ | ५९५९ | राघोपुर ६ | फेकन धुरझार | छोरा : सुमन | घरायसी | ५००००० | १८९९५।०५ | ५१८९९५।०५ |
| २४ | रामु पन्जीयार | ६४२८६९ | ७३२२ | कल्यानपुर जवधि ७ | कुम्मर पंजियार | बिलट पंजियार | सरल कृषि | ३००००० | ११११९७।९२ | ३११११९७।९२ |
| २५ | रौदि कुमार दनुवार | ६४२१९६ | ७४५८ | बडहरामाल १ | बौका कुमार | हचारु कुमार | सरल कृषि | १५०००० | ४८६८।५७ | १५४८६८।५७ |
| २६ | सन्जो देवी साह | ३०४६९९१ | ८३०४ | कल्यानपुर | यसर साहु/प्रमोद साह | रामसेबक साह | सरल कृषि | १०००००० | ३६६८१।३५ | १०३६६८१।३५ |
| २७ | सोनी कुमारी | ५४२४३८३ | ८४०१ | मिर्चैया ५ | राम बिनोद चौधरी/भरथ महाशे७ | जय नन्दन चौधरी | सरल कृषि | २०००००० | ५५३७४।५४ | २०५५३७४।५४ |
| २८ | सार नाथ यादब | ६४२०९८ | १०९४ | नरहा ९ | कमल यादब | रामरुप यादब | सरल कृषि | १०००००० | ६५९०८।३७ | १०६५९०८।३७ |
| २९ | उदय नारायण यादब | ६४२०९१ | ७४२४ | मिर्चैया ३ | गणेशलाल यादब | फुसियाही यादब | सरल कृषि | १००००० | ३२७०।५१ | १०३२७०।५१ |
| | | | | | | जम्मा | | १६४६९००० | ७०३६५४।४२ | १७१७२६५४।४२ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# मिलमा छापामारी, एकजना पक्राउ

रञ्जन यादब

वीरगञ्ज । पर्साको वन गस्ती टोलीले एक मिलमा छापामारी गरी काठसहित एकजनालाई पक्राउ गरेको छ ।



४२.९२ क्युफिट काठ र एक जना मानिसलाई पक्राउ गरेको वन कार्यालय पर्साले जनाएको छ । सबैया सब डिभिजन वन क्षेत्रबाट एउटा सःमिलमा छापामारी गरी ३५.१२ क्युफिटको काठ र रङ्गपुर सब डिभिजन वन क्षेत्रबाट एक जना मानिस सहित ७.८ क्युफिट काठ गरी ४२.९२ क्युफिटको काठ बरामद गरिएको डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले जानकारी दिए । वीरगञ्ज महानगरपालिका वडा नम्बर २९ रतनपुर स्थित सः मिलबाट सबैया सब डिभिजन वन कार्यालयको वन टोली र सशस्त्र प्रहरी बल नेपाल नम्बर-१३ गण हेडक्वाटर पर्साको संयुक्त टोलीले अवैध सालको चिरान काठ सहित गोलिया बरामद गरेको सब डिभिजन सबैयाका रेञ्जर भुपाल रोकायले बताए ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर-१३ गण हेडक्वाटर पर्साको बिशेष सूचनाको आधारमा डिभिजन वन कार्यालय पर्साको संयुक्त टोलीले वीरगञ्ज महानगरपालिका वडा नम्बर-२९ रतनपुरका नुरहोदा मियाँको समिलमा छापा मार्दा विभिन्न साईजको ४५ थान चिरान चौकट र १ थान सालको गोलिया बरामद गरेको रेञ्जर रोकायले जानकारी दिए । सःमिल धनी नुरहोदा मिया फरार रहेको र उनको खोजी कार्य भईरहेको डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत अहमदले बताए । छापामारी गरी बरामद गरी ल्याउने क्रममा करिब ७० जना संख्याको भीडले काठ ल्याउनमा अवरोध सिर्जना गरिएको थियो । करिब १ घण्टाको लामो प्रयासले वन टोली काठ ल्याउँन सफल भएको हो । बरामद काठ डिभिजन वन कार्यालय पर्सामा राखिएको छ ।समिल धनी मियाले काठ तस्कर भरिया मार्फत सालको गोलिया मगाई आफ्नै समिलमा चिरान गराई फर्निचर तथा चौकटहरु वन ।ई बिक्रिबितरण गर्दै आएको आरोप छ । उनी विरुद्ध डिभिजन वन कार्यालय पर्साबाट पक्राउ पूर्जी जारी समेत रहेको छ । त्यस्तै रङ्गपुर सब डिभिजन वन कार्यालयबाट खटिएको वन गस्ती टोलीले साइकलमा काठको गोलिया लोड गरी ल्याउँदै गरिएको अवस्थामा एक जना मानिसलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पटेर्वा सुगौली गाउँपालिका वडा नं.१ गढियानीका ३५ वर्षीय कलिम मिया अंसारी रहेको रङ्गपुर सब डिभिजन वन कार्यालयक छैठो तहका वन अधिकृत उज्जवल यादबले जानकारी दिए ।

रङ्गपुर सब डिभिजन वन कार्यालयबाट अधिकृत उज्जवल यादब र इलाका प्रहरी कार्यालय रङ्गपुरबाट प्रहरी साहयक निरीक्षक रामबाबु यादवको नेतृत्वमा खटिएको टोलीले गढियानी स्थित खोलाको नजिकबाट ७.८ क्युफिटको काठ सहित अंसारीलाई पक्राउ गरेको छ ।

पक्राउ परेका अंसारीलाई डिभिजन वन कार्यालय पर्साको थुनुवा कक्षमा राखिएको छ । यस सम्वन धमा थप अनुसन्धान भईरहेको डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत अहमदले बताए ।

## संघीयतापछिको जनकपुरधाम :

# यस्तो छ जनसंख्यिक अवस्था

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम मधेस प्रदेशको राजधानी शहर जनकपुरधाम संघीयताको कार्यान्वयनसँगै आसपासका मानिसहरुको आकर्षणको केन्द्र बन्दै गएको छ । धामिर्क र पर्यटकीय नगरीको रुपमा परिचित यो सहर प्रशासनिक केन्द्रको रुपमा विकास भएपछि यस ठाउँमा बसाँइसरेर आउनेहरु थपिदै गएका छन् । मधेस प्रदेशको राजधानी घोषणा भएपछि व्यापार,व्यवसाय,अध्ययन,रोजगारी लगायतका कारणले मानिसहरु यस ठाउँमा बढी आएको सरोकारवालाहरुले बताएका छन् ।



राष्ट्रिय जनगणना २०७८ को तथ्यांकको आधारमा जनकपुरधाम उपमहानगरपालिकाले हालसालै सार्वजनिक गरेको जनसंख्यिक प्रतिवेदन अनुसार यस नगरपालिकाको जनसंख्या वृद्धिदर राष्ट्रिय औषत भन्दा झण्डै दोब्बर रहेको छ । २०६८को जनगणना र २०७८ को जनगणनाका बीचमा नेपालको जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेकोमा जनकपुरमा त्यो भन्दा दुईगुणा बढी अर्थात १.७५ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय तथ्यांक कार्यालयले तयार गरेको यो प्रतिवेदन अनुसार जनकपुरधाम अघिल्लो दशक भन्दा धेरैवटा सुचकमा अब्बल भएको देखिन्छ । केहीदिन पहिले राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख (सचिव) मधु सुधन बुर्लाकोटीले नगर प्रमुख मनोज कुमार साहलाई हस्तान्तरण गरेको प्रतिवेदनमा उल्लेख भए अनुसार २०६८ सालमा यस उपमहानगरको जनसंख्या १६२१७२ भएकोमा हाल १९४५५६ रहेको छ । जसमा महिलाको जनसंख्या ९४७९२ र पुरुषको जनसंख्या ९९७६४ रहेको छ। यस उपमहानगरको लैंगिक अनुपात १०५.२ रहेको छ । यो धेरै राम्रो सुचक भएको एनएसओका निर्देशक एवं जनसंख्या शाखा प्रमुख ढुण्डिराज लामिछानेले जानकारी दिए । लामिछानेका अनुसार नेपालको लैंगिक अनुपात ( १०० जना महिलाको जनसंख्या त्यस ठाउँमा भएका पुरुषको जनसंख्या) ९५.५ रहेकोमा जनकपुरमा १०५.२ रहेको छ। 'लैंगिक अनुपात १०० भन्दा माथी हुनुको अर्थ यस ठाउँमा पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ भन्ने हो ' लामिछाने भन्छन् ' नेपालमा दशकौं देखि महिलाको जनसंख्या बढी छ । तर तराइ क्षेत्रमा पुरुषहरु बढी छन् । यसको अर्थ पुरुषका लागि मधेसमा रोजगारीका अवसर छन् भन्ने हो । जनकपुरमा पनि उद्योगधन्दा तथा व्यापारका कारण पुरुषहरुको वैदेशिक रोजगारीमा जाने चलन कम देखियो । '

यस उपमहानगरको कुल जनसंख्यामा करिब २० प्रतिशत मानिसहरु अन्य स्थानीय तह वा जिल्लाबाट बसाँइसरेर आएको देखिन्छ । यो क्रम अझ बढ्दै गएको राष्ट्रिय तथ्यांक कार्यालयका विज्ञहरु बताउछन् । तथ्यांकमा देखाए अनुसार युवाहरुको जनसंख्या जनकपुरधाममा उच्च रहेको छ । १६ देखि ४० वर्ष उमेर समुहका युवाहरु कुल जनसंख्याको ४४.४ प्रतिशत रहेका छन् । यसले जनकपुरधाममा मानव स्रोतको अवस्था मजबुद रहेको छ भन्ने पुष्टि भएको छ । काम गरेर खान सक्ने अर्थात सक्रिय उमेर समुहको जनसंख्या (१५ देखि ५९ वर्ष) जनकपुरमा ६१ प्रतिशत रहेको देखिन्छ। यो तथ्यांकले जनकपुरधाममा आश्रित अर्थात बालबालिका र बृद्ध जनसंख्याको हिस्सा कम्ती छ भन्ने पुष्टि भएको छ । ६० वर्ष भन्दा माथीको बुढ्यौली जनसंख्या नेपालमा १० प्रतिशत रहेकोमा जनकपुरमा ८.६ प्रतिशत मात्र रहेको छ ।

तथ्यांकीय प्रतिवेदनले जनकपुरधाममा बसोबास गर्नेहरुको आर्थिक हैसियत र सामाजिक परिवेश पनि उचौं हुँदै गएको पुष्टि गर्दछ । यस उपमहानगरमा २०६८ सालमा ग्यासमा खाना पकाउने परिवारको संख्या ४०.४ रहेकोमा झण्डै दोब्बर बढेर ७२.४ पुगेको छ । यसैगरी शौचालय नहुने परिवारको संख्या ३०.९ बाट ७.२ मा झरेको छ । घर र जग्गा दुवैमा आफ्नो स्वामित्व भएका महिलाको संख्या कुल जनसंख्याको २०.१ प्रतिशत रहेको छ । उपमहानगरपालिका भए पनि करिब एक तिहाइ जनसंख्या ग्रामिण क्षेत्रमा बसोबास गरेको तथ्यांक रहेको छ। निर्देश्क लामिछानेका अनुसार जनकपुरधामको ६७ प्रतिशत जनसंख्या सहरी क्षेत्रमा र ३३ प्रतिशत जनसंख्या ग्रामिण क्षेत्रमा बसोबास गरेको छ ।

कुल साक्षरता दर ७६.६ प्रतिशत रहेको जनकपुरधाममा महिला साक्षरता ६३.७ मात्र रहेको छ । यस उपमहानगरमा बसोबास गरेका चारवटा जातजातीको साक्षरता दर ५५ प्रतिशत भन्दा कमी रहेको छ । जसमा सबभन्दा कमजोर विन ५२.६,चमार५३.९ र खत्वे ५४.७ रहेको छ ।

जनसंख्यिक प्रतिवेदनले उपमहानगरपालिकामा तथ्यांकको अभाव हटेको प्रमुख मनोज कुमार साहले बताए । प्रतिवेदन ग्रहण गरेपछि प्रमुख साहले आगामी दिनमा उपमहानगरले योजना छनौट तथा बजेट निर्माण गर्दा यसै तथ्यांकलाई आधार बनाउने प्रतिवद्धता जनाएका छन् । 'तथ्यांक आफैंमा पूर्ण हुदैन । यसलाई समय समयमा अद्यावधिक गर्नेपर्छ । तर उपमहनगरलाई तथ्यांकको एउटा आधार भएको छ प्रमुख साहले भने ' यसलाई हामी अद्यँवधिक पनि गर्नेछौं । '

अपिल मिडियाको समन्वयमा तयार पारिएको प्रतिवेदन हस्तान्तरण गरिएको छ । प्रतिवेदन हस्तान्तरणका क्रममा टाफका कार्यक्रम निर्देशक प्रणय स्थापितले प्रमाणमा आधारित विकासलाई जोड दिन देशका ६ वटा स्थानीय तहहरुमा जनसंख्यिक प्रतिवेदन तयार गर्न टाफले सहयोग गरेको बताए ।

# शिक्षकलाई अभिभावकले घेरे

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको एक सामुदायिक विद्यालयमा अनियमितताको आरोपमा अभिभावकहरुले एउटै कोठामा शिक्षकहरुलाई थुनेका छन् ।

जिल्लाको गोडैता



नगरपालिका-२ स्थित आधारभूत विद्यालयमा अभिभावकहरूले भ्रष्टाचारको आरोपमा शिक्षकहरूलाई विद्यालयको कार्यालयमै थुनिदिएका छन् ।

गोडैतामा बुधबार बिहान विद्यालय पुगेका सबै शिक्षकलाई कार्यालयमा थुनेर ढोकामा ताल्चा लगाएको छ ।

विद्यालयका प्रधानाध्यापक गर्भु महतोमाथि विद्यालय व्यवस्थापन समिति गठन नगरी एकलौटी निर्णय गर्दै आएको, विद्यार्थीका लागि प्राप्त सुविधा लक्षित समूहसम्म नपुर्‍याएको र नियमित विद्यालय नआएको आरोप छ। यही कारण आक्रोशित अभिभावकहरूले कार्यालयमै ताल्चा लगाई विरोध जनाएका हुन् । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि प्राप्त सामग्रीहरू शिक्षकहरूले आफैंले राख्ने, छात्रवृत्ति तथा दिवा खाजा योजनामा भ्रष्टाचार गर्ने, र माटो परीक्षण तथा निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग भएको भन्दै अभिभावकहरूले असन्तुष्टि व्यक्त गरेका छन् ।

प्रधानाध्यापक महतोमाथि विद्यालय व्यवस्थापन समितिका पुराना सदस्यहरूसँग मिलेर निर्णय लिने, विद्यालयको हिसाबकिताब देखाउन आनाकानी गर्ने र केही अभिभावकलाई उचालेर अन्यलाई दबाब दिने जस्ता आरोप पनि लगाइएको छ ।

प्रधानाध्यापक महतो विद्यालयमा नभएका बेला अभिभावकहरूले कार्यालयमा रहेका शिक्षकहरूलाई थुनेका थिए। बारम्बार फोन गर्दा पनि महतोले फोन नउठाएपछि उनीहरू थप आक्रोशित बने। यस क्रममा विद्यालयमा रहेका सबै शिक्षकलाई थुनेर विरोध जनाइएको छ ।

विद्यालयमा समस्या चर्किएपछि वडाध्यक्ष अजय साहको पहलमा शिक्षकहरूलाई केही घन्टापछि मुक्त गरिएको थियो। वडाध्यक्ष साहले विद्यालयमा देखिएको समस्याको समाधान गर्न अभिभावक र वडा कार्यालयले मिलेर पहल गर्ने आश्वासन दिएका छन् ।

अभिभावकहरूले प्रधानाध्यापक महतोविरुद्ध कडा कारबाहीको माग गरेका छन्। उनीहरूले विद्यालयमा भ्रष्टाचार रोक्न तत्काल कदम चाल्न सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

# विदेश पठाउने नाममा ठगी गर्ने दुईजना पक्राउ

टुडे समाचारदाता




जनकपुरधाम । विदेश पठाउने नाममा लाखौं रुपैयाँ ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विदेश पठाउने भन्दै २२ लाख रुपैयाँभन्दा बढी ठगी गरेको आरोपमा पक्राउ पर्नेहरुमा धनुषाको गणेशमान चारधाम नगरपालिका-४ का ३८ वर्षीय राजकुमार चौधरी, धनुषाकै मटिहानी नगरपालिका-९ का ३९ वर्षीय रुपेश कुमार चौधरी छन् ।

उनलाई क्रमशः काँडाघारी र टेकुबाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी काजिकुमार आचार्यले जानकारी दिए । बेरोजगार युवायुवतीलाई विदेश पठाउने भन्दै रकम उठाएर ठगी गरेको आरोप उनीहरुमाथि लगाइएको छ ।

राजुले २ जनाबाट ६ लाख ३० हजार रुपैयाँ र रुपेशले १ जनाबाट १६ लाख रुपैयाँ ठगी गरेको उजुरी परेको थियो ।

पक्राउ परेका दुवै जनालाई कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको जनाइएको छ ।

# 'विकासका लागि समन्वय आवश्यक'



टुडे समाचारदाता

राजविराज । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले विकासीय काममा राजनीति रंग दिनुभन्दा पनि सबै दलको समन्वय आवश्यक रहेको बताएका छन् ।

राजविराजमा बुधवार जिल्ला समन्वय समिति सप्तरीद्वारा आयोजित 'संघीय तथा प्रादेशीक कार्यालय एवम् स्थानीय तहहरुबाट संचालित तथा सम्पादित कार्यहरुको बार्षिक प्रगति समीक्षा गोष्ठीमा बोल्दै उनले विकासका लागि समन्वय आवश्यक रहेको बताए। सप्तरीको विकास निर्माणका विषयमा पनि आफ्नो पार्टीले सकेसम्म सहयोग गरिरहेको दावीका साथ उनले अन्य राजनीतिक दलहरुले पनि यसमा साथ दिनुपर्ने जिकिर दोहोर्‍याए । आफुहरु बिकास बजेट परिचालन गर्ने स्थानमा नभई निति निर्माणको जिम्मेवारीमा रहेको प्रष्ट्याउँदै उनले विकास लगायत जनताका समस्या हेर्ने जिम्मेवारी केन्द्रका अलावा प्रदेश र स्थानीय तहको हुने दावी दोहोर्‍याए ।

प्रदेश सांसद किरण कुमारी साहले बिटौरी समस्या समाधान नहुँदा राजविराज नगरपालिका क्षेत्रभित्र साविकदेखि बसोवास गर्दै आएका ५ हजार परिवार प्रभावित बनेको बताउँदै यसको समाधानका लागि पहल गरिदिन हुन प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउत ध्यानाकर्षण गराइन् । उनले बिटौरी जग्गा बाहकहरुको नाममा अझै लालपूर्जा नआएको भन्दै त्यसबाट विभिन्न समस्या खेप्नुपरिरहेको बताइन् ।

# चन्द्रनिगाहपुर अस्पताललाई उपकरण हस्तान्तरण

टुडे समाचारदाता

चन्द्रपुर । चन्द्रनिगाहपुर नगर अस्पतालमा ट्रमा सेन्टर सञ्चालन गर्न आवश्यक उपकरण हस्तान्तरण गरेको छ । लायन्स अन्तर्राष्ट्रिय क्लब र चन्द्रपुर नगरपालिकाको साझेदारीमा अस्पताललाई एक करोड ६० लाख रुपैयाँ मूल्य बराबरको विभिन्न उपकरण हस्तान्तरण गरिएको हो ।




पूर्वपश्चिम महेन्द्र राजमार्ग नजिक रहेको चन्द्रनिगाहपुर अस्पतालमा ट्रमा सेन्टर सञ्चालनको लागि लायन्स अन्तर्राष्ट्रिय क्लब र चन्द्रपुर नगरपालिकाको साझेदारीमा चन्द्रनिगाहपुर अस्पताललाई ट्रमा सेन्टर सञ्चालनको लागि अतिआवश्यक सामग्री हस्तान्तरण गरिएको थियो ।

'एनेस्थेसिया', 'भेन्टिलेटर', 'ओटी टेबल सेट', 'ओटी लाइट सेट', 'आइसियु बेड'सहित 'सेटअफ' लगायत ट्रमाका लागि आवश्यक पर्ने दुई सयभन्दा बढी उपकरण अस्पतालमा सहयोग स्वरूप प्राप्त भएको अस्पतालका प्रमुख डा. अभिनन्दन श्रीवास्तवले जानकारी दिए ।

पूर्वपश्चिम राजमार्गसँग जोडिएको जिल्लाको चन्द्रनिगाहपुरमा ट्रमा सेन्टर सञ्चालनमा आएपछि प्राकृतिक प्रकोप, दुर्घटनामा परेका बिरामीलाई उपचारमा सहज हुने चन्द्रपुरका नगरप्रमुख सञ्जयकुमार काफ्लेले बताए । लायन्स अन्तर ाष्ट्रिय क्लबले करिब एक करोड ६० लाख रुपैयाँ मूल्यका सामग्री हस्तान्तरण गरेपछि अस्पतालले कार्यविधि बनाएर सञ्चालनमा ल्याउने उहाँले उल्लेख गरे ।

सडक दुर्घटना, प्राकृतिक विपद्ले मानवको अकालमा ज्यान नजाओस् भन्ने उद्देश्यले अस्पतालमा ट्रमा सेन्टर सञ्चालनमा ल्याउन लागिएको नगरप्रमुख काफ्लेले बताए ।

लायन्स अन्तर्राष्ट्रियका प्रमुख बालकृष्ण बुर्लाकोटीले चन्द्रपुर राजमार्गसँग जोडिएकाले दुर्घटनाको जोखिम उच्च रहने भन्दै ट्रमा सेन्टर सञ्चालन भएसँगै घाइतेले तत्काल उपचार पाउने विश्वास व्यक्त गरे । लायन्सले विभिन्न परियोजनामार्फत शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग गर्दै आइरहेको उनले बताए ।

उपचारका लागि आवश्यक उपकरण पर्याप्त मात्रामा मौज्दात हुन थालेपछि बिरामीको चाप बढेको अस्पताल प्रशासनले जनाएको छ । निजी अस्पतालमा पाउने सुविधा सरकारी अस्पतालमा निःशुल्क पाउन थालेपछि उपचारमा सहज भएको स्थानीय अर्जुन मैनालीले बताए ।

दक्ष स्वास्थ्यकर्मी, बीमा, सहज र सुलभ उपचार स्थानीयस्तरमा पाउन थालेपछि अस्पतालमा स्थानीयको घुइँचो हुन थालेको छ । स्वास्थ्य बिमा गराएकालाई सम्पूर्ण किसिमको औषधि समयमा उपलब्ध गराउनुपर्नेमा स्थानीय टंक देवकोटाले सुझाव दिए ।

सम्पुर्ण किसिमका बिरामीको प्रभावकारी, सहज र सुलभ उपचार गर्ने उद्देश्यले सरोकार भएका निकाय तथा संस्थाले विभिन्न उपकरण सहयोग गरिरहेका अस्पतालका प्रमुख डा श्रीवास्तवले बताए । स्वास्थ्य मन्त्रालयको सहयोगमा एक थान 'फोटो थेरापी' र 'इसिजी' उपकरण सहयोग प्राप्त भएको उनले बताए ।

एक महिनासम्मका बच्चाहरूको उपचार गर्न फोटो थेरापी उपकरण आवश्यक रहेकामा स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको डा श्रीवास्तवले बताए । यसअघि उपकरण नहुँदा बच्चाहरूको उपचार गर्न निजी अस्पतालमा पठाउनु परेकामा अब यो समस्या अन्त्य हुने उहाँले उल्लेख गरे । सो उपकरण यथाशीघ्र सञ्चालन गरिने छ ।

अस्पतालले आकस्मिक सेवा, प्रसूति सेवा, बरिंग (ओपिडी), प्रयोगशाला, एक्सरे, खोप, क्षयरोग, निःशुल्क फार्मेसी, बिमा सेवा सञ्चालन गर्दै आएको छ । यसअघि दैनिक तीन सयसम्म बिरामी आउने गरेकामा अस्पतालमा सम्पूर्ण किसिमका उपकरणको व्यवस्था भएपछि अहिले दैनिक तीन सय ५० देखि चार सयसम्म बिरामी आउने गरेका छन् । सर्पदंशको उपचार गर्न जिल्लाभरिका बिरामी चन्द्रनिगाहपुर अस्पतालमा आउने गरेको छ ।

# सडक दुर्घटनामा परी मृत्यु हुनेको संख्यामा वृद्धि

टुडे समाचारदाता

लहान । सिरहामा सडक दुर्घटनामा कमी आएको देखिए पनि मृत्यु हुने संख्यामा भने वृद्धि भएको छ ।

चालु आर्थिक वर्षको प्रथम चौमासिकमा २५५ सवारी दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको छ । यसमा ४५७ जना घाइते भएको ट्राफिक प्रहरी कार्यालयको तथ्यांकले देखाएको छ । सो तथ्यांक गत आर्थिक वर्षको प्रथम चौमासिकको भन्दा दुर्घटनामा कम भएको छ ।

तर मृत्युहुनेको संख्यामा भने वृद्धि भएको छ । गत आर्थिक वर्षको प्रथम चौमासिकमा १५ जनाको ज्यान गएको थियो । ट्राफिक प्रहरीका अनुसार गत आर्थिक वर्षमा जिल्लामा नौ सय ९७ सवारी दुर्घटना भएको थियो ।

जसमा ६८ जनाले ज्यान गुमाएका थिए । एक हजार पाचँ सय ७९ जना घाइते भएका थिए। दुर्घटनामा कमी ल्याउन साथै मृत्युदरमा कम गराउन जनचेतना कार्यक्रमलाई तीव्रता दिए तापनि मृत्यु हुनेको दरमा भने वृद्धि भएको जिल्ला ट्राफिक कार्यालय लहानका प्रमुख प्रहरी निरीक्षक पोषणराज थपलियाले बजानकारी दिए ।

प्रहरी निरीक्षक थपलियाले भने, 'दुर्घटनाको अनुसन्धान गर्दा जिल्लामा भएका अधिकांश सवारी दुर्घटनामा चालककै बढी गल्तीका कारण हुने गरेको देखिन्छ । यसका कारण वार्षिक धेरै मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ ।'

उनले मापसे र लापसे गरी सवारी चलाउँदा, सवारीलाई उछिन्न खोज्ने, यान्त्रिक गडबडी, तीव्रगतिमा सवारी चलाउँदा, सडक चौपाया, क्षमताभन्दा बढी यात्रु बोकेर सवारी चलाउँदा, ट्राफिक नियम उल्लंघन, बढ्दो मात्राका अव्यवस्थित सिटी रिक्सालगायत कारण दुर्घटना हुने र दुर्घटनाबाट मानिसको मृत्यु हुने गरेको बताए ।

सवारी दुर्घटना न्यूनीकरण गर्न सिरहा ट्राफिक प्रहरीले मात्र सम्भव नहुने जनाउँदै प्रहरी निरीक्षक थपलियाले सरोकारवाला सम्पूर्ण निकायले सार्थक पहलकदमी लिनुपर्नेमा जोड दिए ।

## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नाखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने ब्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोले लामो समयसम्म बथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमा यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८